# प्राथमिक तहका शिक्षकहरूको पेशागत दक्षताको स्थिति

शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह, द्वितीय वर्ष, पाठ्यक्रम तथा
मूल्याङ्कन  विशिष्टिकरण विषयको आवश्यकता
पूरा गर्नको लागि प्रस्तुत
शोध-पत्र

प्रस्तुतकर्ता
प्रकाशकुमार बुढाथोकी
परीक्षा रोल नं. : २८०००८७/२०६६
त्रि.वि. दर्ता नं. : ६-१-१३-५८६-२०००

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र केन्द्रीय, विभाग
(पाठ्यक्रम तथा मूल्याङ्कन विभाग)
कीर्तिपुर, काठमाडौं
२०७०

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग**

**कीर्तिपुर, काठमाडौं**

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौंमा स्नातकोत्तर तह, दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयका छात्र प्रकाशकुमार बुढाथोकीले **प्राथमिक तहका शिक्षकहरुको पेशागत दक्षताको स्थिति** शीर्षकको शोधपत्र मेरो निर्देशनमा रही तयार पार्नु भएको हो । उहाँको यस शोधपत्र अन्तिम मूल्याङ्कनका लागि मूल्याङ्कन समिति समक्ष पेश गर्न सिफारिस गर्दछु ।

...................................

बालकृष्ण अधिकारी

(शोध निर्देशक)

शिक्षाशास्त्र केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

मिति : २०७० / ०४ / २२

6 Augutst, 2013

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग**

**कीर्तिपुर, काठमाडौं**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, स्नातकोत्तर तह, दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि **प्राथमिक तहका शिक्षकहरुको पेशागत दक्षताको स्थिति** शीर्षकमा प्रकाशकुमार बुढाथोकीद्वारा तयार पारी आवश्यक मूल्याङ्कनका लागि यस मूल्याङ्कन समितिमा पेश गर्नुभएको शोधपत्र स्वीकृत गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| प्रा. स्वयमप्रकाश ज.ब.रा.<br>(विभागीय प्रमुख)<br>पाठ्यक्रम तथा मूल्याङ्कन विभाग | ............................ |
| शि. बालकृष्ण अधिकारी<br>( शोधनिर्देशक)<br>शिक्षा आधार विभाग | ............................ |
| प्रा. कुलनरसिंह श्रेष्ठ<br>(वाह्य परीक्षक) | ............................ |

मिति : २०७०/०४/३०

14 August, 2013

# कृतज्ञता ज्ञापन

प्रस्तुत '**प्राथमिक तहका शिक्षकहरुको पेशागत दक्षताको स्थिति'** नामक शीर्षकमा शोधपत्र तयार पार्न शुरुदेखि अन्त्यसम्म आफ्नो अमूल्य समय दिई निर्देशन, सुझाव दिनु हुने आदरणीय शिक्षक बालकृष्ण अधिकारी ज्यू प्रति आभार व्यक्त गर्दछु । यस शोधपत्र तयारीको क्रममा आवश्यक सुझाव प्रदान गरी अनुसन्धान गर्न अवसर दिनु हुने तत्कालिन विभागीय प्रमुख प्रा.डा. तीर्थराज पराजुली तथा शोधप्रस्तावना पूरा गर्न सहयोग पुऱ्याउनु हुने सह-प्रा. नारायण बस्नेत, उप-प्रा. किरणराम राञ्जितकार र उप-प्रा. विश्ववाला थापा ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्रको क्रममा आवश्यक सूचना उपलब्ध गराइ सहयोग पऱ्याउनु हुने उदयपुर जिल्ला शिक्षा कार्यालयका तत्कालीन जि.शि.अ. श्री खडानन्द पराजुली, स्रोतकेन्द्र ताम्लीछाका स्रोतव्यक्ति पर्शुराम खड्का, श्री महेन्द्र मा.वि. सिर्वानी बाराहाका प्र.अ. श्री चन्देश्वर प्रसाद यादव, श्री नि.मा.वि तमारो रातमाटेका प्र.अ. श्री टंक बहादुर तामाङ्ग, श्री वीरेन्द्र ज्योती नि.मा.वि पिप्लेका प्र.अ. श्री टेक बहादुर राउत र श्री भानुभक्त प्रा.वि. रामचेखर्कका प्र.अ. श्री चित्रबहादुर कार्की, वि.व्य.स.अध्यक्षहरु, शिक्षकहरु, विद्यार्थीहरु सम्पूर्णमा सहयोगका लागि धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

आफ्नो अथक प्रयास र प्रेरणा प्रंदान गरी मलाई आधारभूत तहदेखि उच्च तहसम्म शिक्षा दिई डोऱ्याउनु हुने पुजनीय पिता ज्ञानबहादुर बुढाथोकी र ममतामयी माता सीता माया बुढाथोकी तथा आदरणीय दिदी भिनाज्यू, धर्मपत्नी सेम कुमारी वुढाथोकी, श्रदेय गुरुहरु, भाइबहिनीहरु प्रति सदैव ऋणी छु । शोधपत्र लेखनकार्यमा थप हौसला प्रदान गर्ने साथीहरु प्रकाश राई, राजकुमार कार्की, सागर खडिवडा, रामचन्द्र अधिकारी, पुष्पप्रसाद दाहाल, नविन विष्ट, खेम निरौला प्रंति विशेष धन्यवाद दिन चाहन्छु । त्यसैगरी लेखन कार्यमा प्रत्यक्ष  र अप्रत्यक्षरुपमा सहयोग गर्नुहुने मेरा सहपाठी साथीहरुप्रति आभार प्रकट गर्दछु ।

शोधपत्रलाई मूर्तरुप प्रदान गर्न कम्पुटर टङ्कन गरी सहयोग पुऱ्याउने कीर्तिपुर नयाँबजार स्थित युनिक कम्पुटर एजुकेशन, कीर्तिपुरका उकेश मचामसीलाई धन्यवाद दिन चाहन्छु ।

**प्रकाशकुमार बुढाथोकी**

# शोधसार

प्रस्तुत शोधपत्र **'प्राथमिक तहका शिक्षकहरुको पेशागत दक्षताको स्थिति'** को पहिचान गर्ने उद्देश्यले यो अध्ययन गरिएको थियो । यस कार्यका लागि सगरमाथा अञ्चल, उदयपुर जिल्ला अन्तर्गत बाराहा गा.वि.स.लाई उद्देश्यमूलक नमूना छोट विधिद्वारा छनोट गरिएको थियो । यस अध्ययनको उद्देश्यमा प्राथमिक तहका शिक्षकहरुको पेशागत दक्षताको स्थिति पहिचान गर्नु र तिनीहरुले पेशागत रुपमा भोगेका समस्याहरु पत्ता लगाउनु रहेका थिए । यी उद्देश्यहरु पूरा गर्ने क्रममा विभिन्न पूर्वसाहित्यहरुलाई आधार मानिएको थियो । यस अध्ययनका लागि बाराहा गा.वि.स. अन्तर्गत रहेका जम्मा ७ ओटा प्राथमिक विद्यालय मध्ये सुविधाजन विधिबाट ४ ओटा प्राथमिक विद्यालयको छनोट गरिएको थियो । त्यसैगरी यस अध्ययनमा ४ ओटा विद्यालयका प्र.अ., शिक्षक र ताम्लीछा स्रोतकेन्द्रका स्रोतव्यक्तिलाई छनोट गरिएको थियो । साथै यस अध्ययनमा नमूना छनोटमा परेका ४ ओटै विद्यालयका २/२ जना शिक्षक गरी जम्मा ८ जना शिक्षकको कक्षा अवलोकन गरिएको थियो । यस अध्ययनमा नमूना छनोटमा परेका विद्यालयका २० जना विद्यार्थीहरु र अभिभावकहरु अध्ययनको सूचना संकलन गर्नका लागि छनोट गरिएको थियो ।

यस अध्ययनमा आवश्यक सूचना संकलन गर्न प्र.अ., अभिभावक, स्रोतव्यक्तिलाई असंरचित अन्तर्वार्ता लिइएको थियो भने कक्षा शिक्षणको क्रममा शिक्षकहरुको कक्षा अवलोकन गरिएको थियो । जसबाट प्राप्त सूचनाहरुको आधारमा शिक्षकरुको पेशागत दक्षताको स्थिति पहिचान गरिएको थियो । त्यसैगरी शिक्षकहरुले पेशागत रुपमा भोग्नु परेका समस्याहरु पहिचान गर्न अन्तर्वार्ता लिइएको थियो ।

यस अध्ययनमा शिक्षकका पेशागत दक्षताको स्थितिको अध्ययनमा ज्ञान, सीप र प्रवृत्तिको अवस्थाको अध्ययन गरिएको थियो जस अन्तर्गत ज्ञानको अवस्थामा विषयवस्तुको ज्ञान, बालमनोविज्ञानको ज्ञान र शिक्षण पद्धतिको ज्ञानको बारेमा जानकारी लिन खोजिएको थियो । जसमा विषयवस्तको ज्ञान उत्तम भन्नेमा २८ प्रंतिशतले प्रतिक्रिया दिए भने मध्यम भन्नेमा ७२ प्रतिशतले प्रतिक्रिया दिए भने निम्न स्तरको भनी प्रतिक्रिया कसैले पनि दिएनन् ।

त्यसैगरी बालमनोविज्ञानको ज्ञान उत्तम भन्नेमा ३२ प्रतिशत, मध्यम भन्नेमा ५२ प्रतिशत र निम्न भन्नेमा १६ प्रतिशत प्रतिक्रिया प्राप्त भएको थियो ।

त्यसैगरी शिक्षण पद्धतिको ज्ञान उत्तम भन्नेमा ४८ प्रतिशत मध्यम भन्नेमा ४८ प्रतिशत र निम्न भन्नेमा ४ प्रतिशत उत्तरदाताहरुले प्रतिक्रिया व्यक्त गरेको पाइयो । यसरी माथिको प्रतिशतको आधारमा शिक्षकको पेशागत दक्षताको अवस्था अन्तर्गत ज्ञानको अवस्था मध्यम रहेको पाइयो ।

यसैगरी शिक्षकको पेशागत दक्षताको स्थिति पहिचान गर्न शिक्षण सीपको अवस्था के कस्ता रहेको छ भन्ने बारेमा उत्तरदातासँग प्रतिक्रिया लिइएको थियो जसअन्तर्गत कक्षा व्यवस्थापन सीप,

बालबालिकाहरुको रुचि र क्षमता अनुसारको कक्षा शिक्षण, शैक्षिक सामग्रीको निर्माण र प्रयोगको सीप बारे अध्ययन गर्न खोजिएको थियो जस अध्ययनबाट प्राप्त जानकारी र तथ्याङ्कका आधारमा शिक्षकहरुको सीप, क्षमता मध्यम किसिमको रहेको पाइयो ।

यसैगरी शिक्षकका प्रवृत्तिको अवस्था अन्तर्गत अनुशासन, निरन्तर अभ्यास , जिज्ञाशु र अध्ययनशील, उपस्थिति र बालबालिकाहरुसँगको व्यवहार कस्तो छ भन्ने बारेमा जानकारी लिइएको थियो जसको आधारमा शिक्षकहरुका प्रवृत्ति अवस्था मध्यम किसिमको रहेको पाइयो ।

त्यसैगरी कक्षा अवालोकन र विद्यार्थीबाट प्राप्त प्रतिक्रियाहरुलाई केलाउँदा पनि शिक्षकहरुको पेशागत दक्षताको अवस्था मध्यम किसिमको रहेको पाइयो । शिक्षकहरुले प्राथमिक तहमा अध्यापन गर्दा विभिन्न समस्याहरु जस्तै शैक्षिक सामग्री, शिक्षक निर्देशिका, पाठ्यक्रम आदिको अभाव तथा निम्न तलव र विभिन्न पक्षको निम्न सहयोगले र अन्य कार्यहरुमा सहभागी हुने अवसर प्राप्त नहुनु जस्ता समस्याहरु भोग्नु परेको देखिन्छ ।

त्यसैगरी शिक्षकहरुले पेशा अवलम्वन गर्दा विभिन्न समस्याहरु भोगिरहेका देखिन्छन् जसको समाधानका लागि विभिन्न खालका पुनर्ताजगी (Refreshing Training ) बेलाबेलामा सञ्चालन गर्नुपर्ने, सेवा सुविधा पर्याप्त मात्रामा बृद्धि गर्नुपर्ने, शैक्षिक सामग्रीको उपलब्धता र स्वाध्ययन साग्रीको व्यवस्था मिलाउनु पर्ने, पेशागत सुरक्षाको प्रत्याभूति गराउनु पर्ने, पाठ्यक्रम सुधार र प्राथमिक शिक्षाको चेतना जस्ता पक्षहरुमा जोड दिनु पर्ने देखिन्छ । जसले गर्दा प्राथमिक शिक्षालाई सहज बनाउनुका साथै शिक्षकहरुका पेशागत दक्षतामा पनि बृद्धि गर्न सकिन्छ ।

# विषय सूची


पृष्ठ

सिफारिस पत्र i

स्वीकृति पत्र ii

कृतज्ञताज्ञापन iii

शोधसार iv

विषय सूची vi

तालिका सूची ix

**परिच्छेद एक : परिचय**

१.१ अध्ययनको पृष्ठभुमि १

१.१.१ प्राथमिक तहका शिक्षकका दक्षता विकासमा गरिएका प्रयासहरु ५

१.१.२ शिक्षण सिकाइमा शिक्षकको भूमिका ६

१.२ समस्याको कथन ६

१.३ अध्ययनको उद्देश्य ८

१.४ अध्ययनको महत्व ८

१.५ अध्ययनको सीमाङ्कन ९

१.६ परिभाषिक शब्दावली ९

**परिच्छेद दुई : पूर्व साहित्यको समीक्षा**

२.१. सैद्धान्तिक साहित्य ११

२.२. सम्बन्धित अध्ययनको पुनरावलोकन १३

२.३. अवधारणात्मक ढाँचा १५

**परिच्छेद तीन : अध्ययन विधि**

३.१ अनुसन्धान ढाँचा १६

३.२ अध्ययन क्षेत्र १७

३.३ नमुना छनोट प्रक्रिया १७

३.३.१ अध्ययनको जनसंख्या छनोट १७

३.३.२. विद्यालयको छनोट १७

३.३.३ प्रधानाध्यापकको छनोट १७

३.३.४. शिक्षकको छनोट १८

३.३.५. अभिभावकको छनोट १८

३.३.६ स्रोत व्यक्तिको छनोट १८

३.३.७ विद्यार्थीको छनोट १८

३.४ सूचनाको स्रोत १८

३.४.१ प्राथमिक स्रोत १८

३.४.२ द्वितीय स्रोत १९

३.५ साधनको निर्माण १९

३.५.१ अन्तर्वार्ता प्रश्नावली १९

३.५.२. कक्षा अवलोकन फारम १९

३.५.३. समूह छलफल निर्देशिका १९

३.६ साधनको वैद्यता निर्माण २०

३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया २०

३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया २०

३.९ नैतिक मूल्य २१

**परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या**

४.१. प्राथमिक तहका शिक्षकहरुको पेशागत दक्षताको स्थिति २१

४.१.१. प्राथमिक तहका शिक्षकका पेशागत दक्षताको स्थिति सम्बन्धमा प्र.अ. स्रोतव्यक्ति र अभिभावकहरुबाट प्राप्त प्रतिक्रिया २२

४.१.२ शिक्षकको पेशागत दक्षताका सम्बन्धमा विद्यार्थीहरुबाट प्राप्त प्रतिक्रिया ३०

४.१.३. शिक्षकका पेशागत दक्षता सम्बन्धी कक्षा अवलोकनबाट प्राप्त प्रतिक्रिया ३२

४.२. शिक्षकहरुले पेशा अवलम्वनमा भोगेका समस्याहरु ३४

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव**

५.१ प्राप्ति ३९

५.१.१ शिक्षकहरुको पेशागत दक्षताको स्थितिको प्राप्ति ३९

५.१.२. शिक्षकले पेशा अबलम्वन गर्दा भोगेका समस्याहरु सम्बन्धी प्राप्ति ४०

५.२. निष्कर्ष ४१

५.३. सुझावहरु ४१

**सन्दर्भग्रन्थसूची**

**अनुसूची**

# तालिका सूची


| | | पृष्ठ |
|---|---|---|
| तालिका ४.१. | शिक्षकको ज्ञानको अवस्था बारे सरोकारवालाको धारणा | २२ |
| तालिका ४.२ | शिक्षकहरुमा सीपको अवस्थावारे सरोकारवालाको धारणा | २४ |
| तालिका ४.३. | शिक्षकको प्रवृत्तिको अवस्था सम्बन्धी सरोकारवालाको धारणा | २६ |
| तालिका ४.४ | शिक्षकहरुको पेशागत दक्षताको सम्बन्धमा सरोकारवालाहरुबाट प्राप्त प्रतिक्रियाहरुको समष्टिगत अवस्था | २८ |
| तालिका ४.५ | शिक्षकका पेशागत दक्षता सम्बन्धमा विद्यार्थीहरुबाट प्राप्त प्रतिक्रिया | ३१ |
| तालिका ४.६. | शिक्षकका पेशागत दक्षता सम्बन्धी कक्षा अवलोकनबाट प्राप्त प्रतिक्रिया | ३३ |
| तालिका ४.७ | शिक्षकहरुले पेशा अबलम्वनमा भोगेका समस्याहरु | ३५ |

# परिच्छेद – एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा विकासको मुहान हो । व्यक्तिको घर पहिलो विद्यालय हो भने घरपछिको सिकाइलाई औपचारिक अध्ययन प्रदान गर्ने स्थल प्राथमिक विद्यालय हो । प्राथमिक शिक्षा विकासमा पेशागत रुपमा लागि शिक्षाको गुणस्तर उकास्ने जिम्मेवारी बोक्ने शिक्षकहरु प्राथमिक तहका शिक्षक हुन् । आधारभूत तहको शिक्षा प्राथमिक तह अध्ययन प्रवेश सँगै प्रारम्भ हुने भएकाले उक्त तहमा अध्ययनरत बालबालिकाहरुको रुचि, क्षमता, स्तरसँगै बालमनोविज्ञानलाई बुझी शिक्षण गर्नुपर्दछ । बालबालिकाहरुको पारिवारिक, आर्थिक, सामाजिक, भौगोलिक, वातावरणीय आदि पक्षलाई मध्य नजर राख्दै कक्षा कोठामा शिक्षण सिकाइ बालबालिकाहरुको रुचि, क्षमता, स्तर अनुसार बालमनोवैज्ञानिक पद्धतिबाट सहज रुपमा बालमैत्री तरिकाले सिकाउन सक्ने शिक्षण कलालाई पेशागत दक्षता भनिन्छ । शिक्षक पेशागत रुपमा दक्ष भएमा मात्र शिक्षण सिकाइ प्रभावकारी र अर्थपूर्ण हुनसक्दछ ।

कुनै पनि पेसामा दक्षता हासिल भएमा मात्र उद्देश्य पूर्ति हुन सक्दछ । शिक्षण एक प्राविधिक कार्य हो । जुनसुकै कार्य सम्पन्न गर्नको लागि कुनै न कुनै प्रकारको विशेष सीप तथा दक्षताको आवश्यकता पर्दछ । शिक्षणलाई प्राविधिक रूप दिनका लागि विषयवस्तुको ज्ञान र अनुभव मात्र प्रयाप्त हुँदैन । त्यसको लागि विशेष विषयवस्तु योग्यता, दक्षता र तालिमको आवश्यकता पर्दछ । यस्तै शिक्षाका आधारभूत सिद्धान्तहरूको उपयोग गर्दै शिक्षणलाई अर्थपूर्ण, प्रभावकारी एवम् उद्देश्यमूलक बनाउन सक्नु पर्दछ । कक्षामा उभिएर पाठ्यपुस्तकमा भएका कुराहरू एकोहोरो रूपा व्याख्या गर्दैमा त्यसलाई प्राविधिक शिक्षण मान्न सकिंदैन । प्राविधिकरूपले शिक्षक बन्न विषयसँग सम्बन्धित आधारभूत ज्ञान, सीप र धारणा अनिवार्य छ (अधिकारी, २०६६) ।

कुनै पनि पेशामा दक्षता हासिल गर्न उद्देश्यमूलक विषयवस्तुको ज्ञान हुनु पर्दछ । त्यस्तै शिक्षण पेशाको पनि दक्षतामा वृद्धि गर्ने हो भने आफ्नो विषयवस्तुमा गुणात्मकता वृद्धि गर्न आवश्यक हुन्छ । जवसम्म शिक्षकहरूलाई पेशागत रूपमा दक्ष बनाइदैन तबसम्म पठनपाठन क्रियाकलाप प्रभावकारी बनाउन सकिदैन र गुणात्मक शिक्षा प्रदान गर्ने काम अधुरो र अपुरो हुन्छ । अहिलेको वैज्ञानिक युगमा दिनानु दिन नयाँ-नयाँ ज्ञानको विष्फोटन भइरहेको छ । हरेक दिन नयाँ-नयाँ कुराको आविष्कारले गर्दा आजको विषय वस्तुको ज्ञान आर्जन गरेका कुनै पनि विषयवस्तुको ज्ञान भोलिका लागि पुरानो भइसकेको हुन्छ । ती ज्ञानलाई स्थायी रूप दिने हो भने समय समयमा पूनर्ताजगीकरण गराइरहेको हुनुपर्दछ । विभिन्न विधाहरूमा नयाँ नयाँ ज्ञान र सीपहरूको वृद्धि भइरहेको छ । त्यसैले हरेक व्यक्तिले आफ्नो पेशा सम्बन्धी ज्ञान, सीप र धारणामा सबै पक्षको नविनतम जानकारी आवश्यक हुन्छ । शिक्षण पेशा अंगाल्ने व्यक्तिहरू गाउँघरमा बसेका हुन्छन् र सबैको पहुँचमा सूचना नपुग्न सक्छ । ती शिक्षकहरू नविनतम सीपबाट वञ्चित भएका हुन्छन् । शिक्षण पेशामा पनि विविध नयाँ नयाँ ज्ञान र सीपहरू आइरहेका

हुन्छन्। यदि नयाँ विषयवस्तुको बारेमा ज्ञान, सीप आर्जन गर्ने हो भने समय अनुसार शिक्षकलाई पेशामा पुनर्ताजगीकरण गराई रहनु पर्दछ (अधिकारी, २०६६) ।

शिक्षकको पेशागत दक्षताको विकासका बारेमा (सिन्हा, २०६२) भन्दछन् :- गुणस्तरीय शिक्षाका लागि शिक्षण सिकाई प्रक्रिया नै प्रभावकारी हुनु पर्दछ । शिक्षण सिकाई प्रभावकारी बनाउन सक्ने सक्षम र ज्यूँदो मान्छे नै शिक्षक हो, शिक्षक शिक्षाको संबाहक हो । यदि शिक्षकले नै शिक्षाको समवेदना नबुभ्ने हो भने ठूलो विडम्वना हुन्छ। यसको निराकरणका लागि शिक्षण गर्ने सीप दक्षता तथा उच्च गुणस्तरयुक्त क्षमता भएको व्यक्ति शिक्षण पेशामा अघि आउनुपर्छ । योग्य र दक्ष शिक्षक बन्न योग्यता र शिक्षण सीप चाहिन्छ । सिर्जनशील भावना र आफ्नो कामप्रति पनि लगनशील हुनुपर्दछ । शिक्षण कार्यमा संलग्न हुने व्यक्ति दक्ष, सिपालु, योग्यता पुगेको र त्यसप्रति रुची भएको हुनुपर्दछ । शिक्षण कार्य महत्त्वपूर्ण छ । डाक्टर वकिल जस्तै शिक्षण पेशाका लागि पनि शिक्षकमा विषयगत ज्ञान र सीपको आवश्यकता पर्दछ । यस भनाइबाट शिक्षक बन्नका लागि विषयवस्तुको ज्ञान, सीप, धारणा र शिक्षण सीपको आवश्यक पर्ने देखिन्छ ।

शिक्षण सिकाई प्रभावकारी र उपलब्धिमूलक बनाउने तत्त्वहरूमध्ये प्रमुख भौतिक संरचना, शैक्षिक सामग्री र विद्यार्थी हुन् । शिक्षणका लागि विद्यालय भवन, कक्षा कोठा, फर्निचर, शैक्षिक सामग्री छन्, विद्यार्थी छन्, तर शिक्षक दक्ष भएन भने त्यहाँ प्रभावकारी शिक्षण हुन सक्दैन । दक्ष शिक्षकको अभावमा जीवन्त एवं शिक्षक विद्यार्थी सहभागीमूलक शिक्षण हुन सक्दैन । पेशागत दक्षता विकासका स्रोतहरू विविध खालको भएपनि तीनको उपयोग वैयक्तिक वा सामुहिक दुवै प्रकारले गर्न सकिन्छ । पेशागत विकासको लागि आफूमा कस्तो ज्ञान सीप र धारणाका आवश्यकता पर्दछ, सो को जानकारी हुनु आत्मवोध हो भने सो आवश्यकता अनुसार योग्यता प्रवर्द्धन गर्ने सीप विकास गर्ने र आफ्नो धारणामा परिवर्तन नै ल्याउने प्रक्रिया भने आत्म क्रियाशिलताको पक्ष हो । शिक्षा क्षेत्रमा कक्षा शिक्षणलाई प्रभावकारी, शैक्षिक उपलब्धि र स्तर अभिवृद्धि गर्न तालिम प्राप्त शिक्षकको अह्म भूमिका हुन्छ (सिन्हा, २०६२) ।

शिक्षकको पेशागत विकासमा एक पटक मात्र दिइने तालिम (one shot training) ले संभव हुँदैन यसका निमित्त सेवा प्रवेश गर्नु अघि र सेवा प्रवेश गरेपछि विभिन्न चरणमा शिक्षकहरूलाई तालिम, अध्ययन, भ्रमण, सम्पर्क, अन्तक्रिया, सुपरिवेक्षण आदि जस्ता कुराहरूको आवश्यकता पर्दछ । हाल शैक्षिक जनशक्ति विकास केन्द्रबाट सबै शिक्षकहरूका लागि शिक्षकको पेशागत दक्षतामा विकास (TPD) तालिम सञ्चालन भैरहेको छ । यसको प्रभावकारीता हेर्न बाँकी नै छ । यस तालिमलाई तालिम दिने संस्था , तालिम प्रशिक्षक, अनुगमनकर्ता र स्वयं प्रशिक्षार्थीहरू समेतले आ-आफ्नो कर्तव्य र जिम्मेवारी बोध गरी शिक्षण पेशा राष्ट्रको महत्वपूर्ण र मर्यादित पेशाको रुपमा आत्मसाथ गर्ने हो भने अवश्य पनि शिक्षकको पेशागत दक्षताको विकासमा अभिबृद्धि भई नेपालमा शिक्षाको गुणस्तर उठ्ने वाला छ ।

शिक्षकलाई थप ज्ञान र सीपको अवसर र दक्षता विकासका सहायक साधान उपलब्ध गराउन सके थप सिर्जनशीलता विकास गर्न सहयोग पुग्छ । नेपालको परिप्रेक्ष्यमा शिक्षकको वृत्ति विकास, पेशागत दक्षता अभिवृद्धि सम्बन्धमा कलेज अफ एजुकेशनको सुरुवात सँगै भएको पाइन्छ । यस क्रममा नर्मल स्कुल, सेती परियोजना, विज्ञान शिक्षा परियोजना, शैक्षिक जनशक्ति विकास केन्द्र, प्राथमिक शिक्षा परियोजना, आधारभूत प्राथमिक शिक्षा परियोजनाको सुरुवात सँगै हालको अवस्थामा एकिकृत शैक्षिक जनशक्ति केन्द्रको निर्माण भई संरचनात्मक र संस्थागत विकासको थालनि भयो । उक्त समयमा शिक्षक प्रशिक्षण बारे निम्नानुसार कार्यक्रम थालनी भएको देखिन्छ -

क) आधारभूत शिक्षक तालिम

ख) नर्मल तालिम

ग) 'ए', बी लेभल तालिम

घ) नि.मा.वि. ⁄ मा.वि. तहका शिक्षकको विज्ञान, गणित, अंग्रेजी विषयको तालिम ।

ङ) आधारभूत तथा प्राथमिक शिक्षक तालिम

च) पूर्व सेवाकालीन  तालिम

(छ) सेवाकालिन शिक्षक तालिम

ज) मोडुलर र रिफ्रेसर तालिम

झ) प्रवोधिकरण तालिम

ञ) शिक्षकको  पेसागत दक्षताको विकास **(TPD)** तालिम (अधिकारी, २०६६)

नेपालमा शिक्षकको योग्यता बृद्धि, तहगत बढुवा, बढी सुविधा आदिसंग जोडिएकाले तालिमप्रति आकर्षण बढाए तापनि शिक्षक सेवामा प्रवेश गर्नका लागि तालिम अनिवार्य नभएका कारण तालिम अप्राप्त शिक्षकको बाहुल्यता रहन गयो । सरकारको पाँच दशकभन्दा बढीको लगानी र प्रयत्नले शिक्षक तालिमका क्षेत्रमा खासै उपलब्धि देखाउन नसकेकोले केही वर्ष अगाडि शिक्षा ऐन, नियममा नै शिक्षकका लागि अध्यापन अनुमति पत्र र तहगत न्यूनतम योग्यतापछि १० महिनाको तालिम अनिवार्य गरियो । माध्यमिक शिक्षा सहयोग कार्यक्रम (वि.सं. २०६१-२०६५) बाट मा.वि., नि.मा.वि. र शिक्षक शिक्षा आयोजना (वि.सं. २०५८-२०६५) अवधिमा अभियानका रुपमा तालिम कार्यक्रमलाई अगाडि बढाएकोले स्थायी दरवन्दीमा कार्यरत ९८.०२ प्रतिशत शिक्षकले १० महिनाको तालिम प्राप्त गरेका छन् । नेपाल सरकारले शिक्षा क्षेत्र विकासको एकीकृत कार्यक्रमका रुपमा विद्यालय क्षेत्र सुधार कार्यक्रम (वि.सं. २०६६) ले शिक्षकको पेशागत विकास गर्न जोड दिएको छ । नेपालमा पेशागत विकासका रुपमा छोटो अविधका केही तालिम विभिन्न संस्थाबाट सञ्चालन तभएको छ तापनि संस्थागत तवरले हुन सकेको छैन । शिक्षकको पेशागत विकासको उद्देश्य शिक्षकलाई कक्षा शिक्षण सिकाइमा परेका तात्कालिन समस्या समाधान र पेशागत दक्षता बढाई उत्कृष्टता हासिल गर्नु हो । नेपालमा शिक्षकको पेशागत विकासका लाीग विद्यालय क्षेत्र सुधार कार्यक्रमले निर्देशित गरे अनुरुप शैक्षिक जनशक्ति विकास केन्द्र १० दिनको मागमा आधारित पुनर्ताजगी तालिमको मोडुल विकास गरी एक वर्ष परीक्षण गरी यसै वर्षदेखि सम्पूर्ण

शिक्षकलाई ५ वर्षमा कम्तीमा ३ मोडुल लिनुपर्ने गरी व्यवस्था गरिएको छ । शिक्षकका माग सङ्कलन मागको ल्कस्टरिङ, प्रशिक्षण निर्देशिका तयारी र सामग्री विकास स्थानीय स्रोतकेन्द्र मार्फत स्रोत व्यक्ति, रोष्टर शिक्षक र प्रशिक्षकबाट तालिम सञ्चालन गर्ने व्यवस्था गरिएको छ । तालिमका साथसाथै प्रशिक्षकबाट विद्यालयमा उपस्थित भई कक्षा अवलोकन गरी शिक्षणका गतिविधिका विषयमा छलफल गरिने कुरा उल्लेख छ (श्रेष्ठ, २०६७) ।

प्राथमिक तहमा अध्यापनरत शिक्षकहरूमा रहेको योग्यता एवम् क्षमतालाई समय सापेक्षरूपमा नवीकरण, सवलीकरण एवम् अद्यावधिक गर्दै कक्षाकोठाको शिक्षणमा तात्विक परिर्वतनलाई विद्यार्थीको उपलब्धि स्तरमा स्पष्ट सुधार ल्याउन शिक्षकको पेशागत दक्षताहरूको विकास गर्नुपर्दछ । यसै कुरालाई मध्यनजर गर्दै प्राथमिक तहका शिक्षकहरूलाई आफैंले आफ्नो मूल्याङ्कन गर्ने, कक्षाकोठा तथा शिक्षण जीवनमा आवश्यक ज्ञान सीपमा पहुच हासिल गर्न, नियमित स्वाध्ययन र पठन संस्कृतिको विकास गरी अर्थपूर्ण अभ्यासमा सरिक हुनेजस्ता विधिहरू मार्फत् निरन्तर पेशागत बिकास गर्ने प्रचलन कायम गर्नुपर्दछ । यही कुरालाई ध्यानमा राखी शिक्षा क्षेत्रमा अग्रगामी सुधार गर्ने उद्देश्यले चालु आर्थिक वर्षदेखी कार्यान्वयन रहेको विद्यालय क्षेत्र सुधार कार्यक्रम (School Sector Reform Programme-SSRP) ले शिक्षकको पोशागत विकास (Teacher's Professional Development-TPD) का लागि निती तथा योजनागत व्यवस्था निर्दिष्ट गरेको छ । (शैक्षिक जनशक्ति विकास केन्द्र, २०६६)

यसरी यस कार्यक्रमको शिक्षकको पेशागत दक्षता विकाससम्बन्धी प्रावधान अनुसार सम्पूर्ण सामूदायिक विद्यालयमा कार्यरत सबै प्रकारका शिक्षकहरूले सेवाकालिन रूपमा सञ्चालन हुने एक महिना सम्मको पेशागत दक्षता विकास गतिविधिमा पहुच हासिल गर्न पाउने र त्यसको उपलब्धिलाई शिक्षकको वृत्तिविकास सँग आवद्ध गर्ने व्यवस्था छ । जसले सम्पूर्ण शिक्षकहरूको पेशागत दक्षताहरूको विकासमा सहयोग पुऱ्याउने देखिन्छ । (शैक्षिक जनशक्ति विकास केन्द्र, २०६६)

शिक्षकको पेशागत दक्षताहरूको विकासलाई एउटा व्यक्तिको पेशागत भूमिकाको विकासको रूपमा हेर्ने गरिन्छ । यस अर्न्तगत तालिम, कार्यशाला, विषयगत शिक्षक वैठकहरू, अनुगमन, अवलोकन तथा सुपरीवेक्षण जस्ता कार्यक्रममा सहभागी, भई प्राप्त भएका औपचारिक र शैक्षिक क्षेत्रसाग सम्बन्धित प्रकाशनहरू पढेर, रेडियो सुनेर, टेलिभिजन हेरेर प्राप्त हुने अनौपचारीक अनुभवहरू समेतले शिक्षकको पेशागत दक्षताहरूको विकासमा सहयोग पुऱ्याउन्छ । (घिमिरे, २०६६)

हाल विश्वव्यापी रूपमा शिक्षकको पेशागत दक्षताको विकासका सम्बन्धमा चासो र सहयोगहरू बढ्दै गएको पाइन्छ । सन् १९९० को दशकको शुरुदेखि नै व्यापक रूपमा शिक्षकको पेशागत विकासका अभ्यासहरू र नमूनासँग सम्बन्धित अनुसन्धान प्रतिवेदन र लेख रचनाहरू प्रकासित हुदै आएको पाईन्छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरूले पनि शिक्षकको पेशागत दक्षता विकासलाई उच्च महत्त्व दिंदै विभिन्न आयोग तथा कार्यदल निर्माण गरी शिक्षण सिकाइलाई कसरी प्रभावकारी बनाउने भन्ने विषयमा अध्ययन अनुसन्धान गरेको पाईन्छ । त्यसै गरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्गठनहरू

तथा सरकारी र गैर सरकारी निकायले पनि शिक्षकको पेशागत ज्ञान सीपमा सुधार ल्याउन सक्रियताका साथ विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । हाल आएर हरेक शैक्षिक योजनाहरू निर्माण तथा कार्यान्वयन गर्दा शिक्षकको पेशागत दक्षता विकासलाई एउटा प्रमुख अवयव (key component) को रूपमा लिने गरिएको छ । वर्तमान समयमा शिक्षकको पेशागत विकासलाई परम्परागत रूपमा नहेरी नयाँ दृष्टिकोण बाट हेर्न गरेको पाईन्छ (शिक्षा पत्रिका, २०६६) ।

### १.१.१ प्राथमिक तहका शिक्षकका पेशागत दक्षता विकासमा गरिएका प्रयासहरू

वि.सं. २०२८ सालबाट प्रारम्भ भएको नेपाल राष्ट्रिय शिक्षा पद्धतिको योजनाद्वारा नेपालमा प्रथम पटक शिक्षण पेशाका लागि Academic Qualification/ Professional Qualification निर्धारण गरी यी दुवै प्रकारका योग्यता प्राप्त व्यक्ति मात्र योग्य शिक्षक बन्न सक्ने नीति अवलम्बन गरिएको थियो । यस अन्तर्गत विद्यालय तहका लागि तोकिएको प्राज्ञिक योग्यताका साथै १० महिने अर्थात् १ वर्षे पेशागत योग्यता अनिवार्य गरियो जसले शिक्षकको पेशागत दक्षता विकासमा सहयोग पुऱ्याएको छ । (अधिकारी, २०६६)

सन् १९८० मा Seti Project (Rural Development Project), Primary Education Project, Radio Education Teacher Training, Science Education Project लगायतका कार्यक्रमहरू अन्तर्गत १० दिनदेखि २.५ महिना अवधि सम्मका शिक्षक तालिम सञ्चालन गरियो जसले शिक्षकको पेशागत ज्ञान, सीप र प्रवृत्ति विकासमा सहयोग पुऱ्याएको पाईन्छ । तत्कालिन अवस्थामा अधिकांश सेवारत शिक्षकहरू पेशागत योग्यता विहीन रहेकाले त्यस्ता शिक्षकहरूलाई आधारभूत शिक्षण सीप (Survival skills) प्रदान गरी शिक्षण सिकाई कार्यको न्यूनतम दक्षतास्तर कायम गर्ने उद्देश्यले तालिम सञ्चालन गरियो जसको मुख्य उद्देश्य शिक्षण प्रक्रिया र शिक्षकको पेशागत दक्षता विकासमा सहयोग पुऱ्याउनु हो । सन् १९९२ देखि प्रारम्भ भएको प्राथमिक शिक्षा विकास परियोजना (Primary Education Development Project) द्वारा प्राथमिक तहका लागि र माध्यमिक शिक्षा विकास कार्यहरू (Secondary education develpment project) बाट माध्यमिक तहका लागि १० महिने शिक्षक तालिमको आवश्यकतालाई पुनरावृत्ति गरी यसको विस्तारित रूपमा सञ्चालनका लागि नीतिगत, भौतिक, संस्थागत पाठ्यसामग्री एवम् कार्यक्रमगत पूर्वाधार निर्माण गरी शिक्षकको पेशागत ज्ञान विकासमा सहयोग पुऱ्याएको थियो । (शैक्षिक जनशक्ति विकास केन्द्र)

सबैका लागि शिक्षा कार्यक्रम (२००४-२०१५) द्वारा सन् २००९ सम्ममा ९९% प्राथमिक शिक्षकहरू तालिम प्राप्त तुल्याई सक्ने लक्ष्य निर्धारण गरे बमोजिम र तालिम नीति २००५ द्वारा विद्यालय तहमा कार्यरत सम्पूर्ण शिक्षकहरूलाई १० महिने तालिम प्राप्त तुल्याउने नीति लिइयो (T.P.D. कार्यान्वयन पुस्तिका,२०६७) ।

यसरी दक्षतास्तरीय शिक्षाका माध्यमबाट बालबालिकाहरूको उज्ज्वल भविष्य निर्माणका लागि विद्यालयमा उपयुक्त खालको सिकाई वातावरण सिर्जना हुन आवश्यक छ र यसका लागि विद्यालयमा कार्यरत शिक्षकहरूको पेशागत योग्यता र दक्षताको विकास गर्नु जरुरी हुन्छ ।

### १.१.२ शिक्षण सिकाइमा शिक्षकको भूमिका

शिक्षक कुनै पनि शिक्षा प्रक्रियाको एक महत्त्वपूर्ण व्यक्ति हो जसलाई विद्यालय व्यवस्थाको सर्वोपरी व्यक्तिको रूपमा चिनिन्छ । John, Admas को भनाई अनुसार "शिक्षक मनुष्यको निर्माता हो" वास्तवमा शिक्षक नै आजका कलिला बालबालिकाहरूलाई असल शिक्षा दिक्षाबाट भोलिको सुयोग्य नागरिक तयार गर्ने जिम्मेवारी रहेको हुन्छ । विद्यालयको शैक्षिक कार्यक्रमलाई सफल र उपलब्धिमूलक बनाउन एउटा योग्य र दक्ष शिक्षकको आवश्यकता  पर्दछ । शिक्षक नै त्यस्तो शक्ति हो जसको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भावी सन्ततिहरू माथि प्रभाव परिरहेको हुन्छ । असल शिक्षकको अभावमा सम्पूर्ण शिक्षा प्रणाली पनि असफल हुन्छ । यसको विपरित असल शिक्षकद्वारा शिक्षा प्रणालीमा रहेका विकृतिहरू पनि दुर हुन सक्दछन् । यसरी शिक्षण सिकाई प्रक्रियामा शिक्षकको भूमिका अपरिहार्य र नितान्त महत्त्वपूर्ण रहेको हुन्छ । यदि शिक्षकले शिक्षण सिकाइमा सक्रिय भएन भने त्यहाँ सिकाइ भएको हुँदैन ।

प्राथमिक तहलाई शिक्षा क्षेत्रमा आधारभूत आवश्यकता भनिएको छ । प्राथमिक तहमा स्थानीय शिक्षा दिन सके व्यक्ति र राष्ट्र विकासको लागि टेवा पुग्न जान्छ । तसर्थ विद्यालयमा शिक्षकको स्थान बालबालिकाको चौतर्फी विकास गर्नमा महत्त्वपूर्ण भूमिका रहेको छ । शिक्षकले सदैव आफ्नो पेशाप्रति उत्तरदायी हुनुपर्दछ साथै आफ्नो पेशा प्रति सन्तुष्टि र कर्तव्यनिष्ट भएर सेवा गर्नुपर्दछ । शैक्षिक क्षेत्रमा पनि शिक्षकले आफ्नो भूमिकालाई एक जिम्मेवार अभिभावक जस्तै बालबालिकाको भविष्य निर्माण गर्नका लागि ज्ञानमूलक शिक्षा दिएर शिक्षण गर्नुपर्दछ, साथै शिक्षकमा पेशागत दक्षता, ज्ञान, सीप र प्रवृत्तिको पनि विकास गर्नुपर्दछ । यसरी एउटा दक्ष शिक्षक बन्नका लागि के पढाउने ? किन पढाउने ? कसरी पढाउने ? भन्ने सम्बन्धमा आवश्यक सिपहरू हुनु जरुरी छ । यसकारण प्राथमिक विद्यालयमा अध्यापनरत शिक्षकमा विषयवस्तुको पूर्ण ज्ञान, बालबालिकाहरूलाई कसरी पढाउने भन्ने सीप र प्रवृत्ति सम्बन्धी पूर्ण रूपले निपूर्ण हुनुपर्दछ ।

## १.२ समस्याको कथन

समस्याको कथन भन्नाले अनुसन्धानको विषयलाई समस्यात्मक रूपमा प्रस्तुत गर्नु   हो । यसमा समस्याको विषयमा के, कसरी, कहाँ कहिले, किन र कस्ता कार्यहरू हुन गएका छन् भन्ने बारेमा खोजि गर्नु हो । एक असल समस्याको कथनमा अनुसन्धानकर्ताले चाहेका अध्ययनका चरहरूको पहिचान, चरहरू वीचको सम्बन्धलाई के, कसरी, कहिले, कहाँ र किन जस्ता प्रश्नहरूमा आधारित भएर निर्माण गरिएको हुन्छ ।

वर्तमान समयमा प्राथमिक तहलाई एउटा आधारभूत तहको रूपमा लिइएको छ । भनिन्छ "जग बलियो भए घर बलियो हुन्छ" यसर्थ प्राथमिक तहमा अध्यापनरत शिक्षकहरूको पेशागत दक्षता,

विषयवस्तुको ज्ञान तथा सीप आदिमा निपूर्ण भएमात्र यस तहमा अध्ययनरत विद्यार्थीहरूको सिकाइ उपलब्धि पनि राम्रो हुन्छ । यस सम्बन्धमा विभिन्न अनुसन्धान कर्ताहरूले प्राथमिक तहको शैक्षिक सामाग्रीको प्राप्ति, पाठ्यक्रमको कार्यान्वयन, शिक्षण विधि आदि जस्ता पक्षमा अध्ययन गरिएको छ तर प्राथमिक तहमा अध्यापनरत शिक्षकको पेशागत दक्षता सम्बन्धमा अध्ययन अनुसन्धान गरिएको पाइदैन । शिक्षण पेशामा भने जस्तो दक्षता नभई केही कमीकमजोरी रहेका छन् । यस्ता कमीकमजोरीहरुका बावजुद पनि उनीहरू पेशामा लागिरहेका छन् । जसका कारण वालवालिकाहरूको भविष्य अन्धकार वन्न सक्दछ अर्थात् भविष्यमा यो समस्याले वालवालिका हरूको शैक्षिक पक्षमा नकारात्मक असर पर्ने हुनाले यो एउटा टड्कारो समस्याको रूपमा रहेको पाईन्छ ।

प्रत्येक वर्ष नेपालको शिक्षा र शिक्षा प्रणालीको दक्षतास्तर विकास गर्नका लागि राष्ट्रले राष्ट्रिय वजेटको झण्डै १६.२४□ शिक्षा क्षेत्रमा लगानी गरेको छ । उक्त बजेटको ६७.२२% प्राथमिक तहको लागि मात्र विनियोजन गरेको पाईन्छ तर पनि प्राथमिक तहमा अपेक्षित उपलब्धि हुन सकेको छैन । यसरी हेर्दा वर्तमान समयसम्म ९०% शिक्षकहरू तालिम प्राप्त छन् तर पनि ति शिक्षकहरूले आफ्नो सीपलाई प्रयोग गरेको पाईंदैन । यी कुराहरूलाई ध्यानमा राख्दै प्राथमिक तहका शिक्षकका पेशागत दक्षताको स्थितिको रुपमा अध्ययन अनुसन्धान गरिएको छ । यो अध्ययन अनुसन्धान कार्यलाई पूरा गर्न निम्न अनुसन्धानमूलक प्रश्नहरूको उत्तर खोजी गर्ने प्रयास गरिएको थियो ।

- शिक्षकको पेशाप्रतिको प्रतिवद्धता कस्तो छ ?
- पेशागत दक्षता विकासको लागि कस्तो प्रकारको तालिम लिएका छन् ?
- पेशालाई मर्यादित बनाउन के कस्ता भूमिका खेलेका छन् ?
- तालिम पाएका शिक्षकहरूमध्ये पनि कस्तो प्रकारको तालिम प्राप्त गरेका छन्?
- तालिम प्राप्त शिक्षकहरूले तालिमबाट पाएका कुराहरूलाई व्यवहारमा कतिको उतारेका छन् ?
- उनीहरूको शिक्षण गर्ने तरिकामा के फरक छ ?
- विषयवस्तुमा उनीहरूको ज्ञान कस्तो छ ?
- विषयवस्तुलाई पूनर्ताजगीकरण बनाउन के प्रयास गरेका छन् ?
- अध्यापनको लागि योजना तयार गर्छन् ? गर्दैनन् ?
- शैक्षिक निर्देशिका र सहयोगी सामाग्रीको प्रयोग कतिको गरिएका छन् ?
- तालिम प्राप्त  र अप्राप्त शिक्षकको बीचमा शिक्षण भिन्नता कस्तो छ ?
- शिक्षणमा सुपरिवेक्षण र अनुगमनजस्ता कार्य भएका छन् या छैनन् ?
- शिक्षकको पेशागत रुपमा के कस्ता समस्याहरु विद्यमान छन् ?

यसरी माथि उल्लेख भए अनुसारका प्रश्नहरूमा अध्ययनकर्ता आफ्नो अध्ययनमा केन्द्रित रहेको थियो ।

### **१.३ अध्ययनको उद्देश्य**

यस अध्ययनका उद्देश्यहरु निम्न अनुसार थिए :

क) प्राथमिक तहका शिक्षकहरूको पेशागत दक्षताको स्थिति पहिचान गर्नु ।
ख) प्राथमिक तहका शिक्षकहरुले पेशागत रुपमा भोगेका समस्याहरु पत्ता लगाउनु ।

### **१.४ अध्ययनको महत्त्व**

प्राथमिक तह भनेको अति महत्त्वपूर्ण संवेदनशील र आधारभूत तह हो । किनकि यस तहबाट नै बालबालिकाहरूको भविश्य रेखा कोरिन्छ । यस तहमा बालबालिकाहरूले सही मार्ग पहिल्याउन सके भने मात्र उनीहरूको सर्वाङ्गीण विकास हुन सक्दछ । त्यसैले बालबालिकालाई सही बाटो देखाउने काम शिक्षकको हो । भनिन्छ "जस्तो गुरु उस्तै चेला" हुन पनि हो गुरुले जस्तो किसिमको ज्ञान प्रदान गर्‍यो शिष्यहरूले पनि त्यही सिक्दछन त्यसैले वालवालिका हरूको भविष्य शिक्षकको हातमा हुन्छ त्यसैले शिक्षकको पेशागत दक्षता अन्तर्गत ज्ञान, सीप र प्रवृत्तिको महत्त्वपूर्ण स्थान रहेको पाईन्छ । यसरी शिक्षकले वालवालिका हरूलाई उनीहरूको सिकाइप्रति रुचि, दक्षता, उमेर अनुसारको शिक्षण गर्न सदैव उच्च र प्रभावकारी भूमिका निर्वाह गर्नु पर्दछ ।

यसर्थ शिक्षकको शिक्षण पेशा प्रति कस्तो रुचि रहेको छ ? शिक्षकले वालवालिकाहरू प्रति कस्तो व्यवहार गर्दछ ? विषयवस्तु प्रतिको धारणा कस्तो छ ? ज्ञान कत्तिको छ ? यसको लेखाजोखा गर्ने र प्राथमिक तहमा अध्यापनरत शिक्षकहरूले शिक्षा क्षेत्रमा के कस्तो भूमिका खेली सहयोग पुर्‍याएको छ भन्ने कुराको अध्ययन गर्न पनि यस अध्ययनको महत्त्व रहने छ । यस अध्ययनले शिक्षकका पेशागत दक्षताहरू, ज्ञान, सीप, प्रवृत्ति एंव यसमा देखिएका कमी कमजोरीहरूलाई न्यून गर्न यस अध्ययनले सहयोग गर्नेछ ।

- प्राथमिक तहका शिक्षकहरुको पेशागत दक्षताको अवस्था पत्ता लगाउन सहयोग गर्नेछ ।
- प्राथमिक तहका शिक्षकका ज्ञान, सीप र प्रवृत्तिको वर्तमान अवस्था पहिचान गर्न सहयोग गर्नेछ।
- शिक्षकले पेशा अवलम्बन गर्दा देखिएका समस्याहरूको पहिचान गर्ने हुनाले सरोकारबालाहरूलाई समाधानका उपायहरू खोजी गर्न मद्दत गर्दछ ।
- शिक्षकका पेशागत दक्षतामा देखिएका समस्याहरूको पहिचान र समाधान गर्न के कस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ भन्ने कुरा सम्बन्धित क्षेत्रलाई जानकारी प्रदान गर्नेछ ।
- शिक्षकका पेशागत दक्षता अभिबृद्धि गर्न सम्बन्धित निकायलाई ध्यानाकर्षण हुनेछ ।

### १.५ अध्ययनको सीमाङ्कन

अध्ययनलाई सीमाङ्कन नगर्दा अध्ययन बोझिलो र अनिश्चितता हुन्छ । कुनै पनि अध्ययनको निश्चित सीमा हुन्छ । अध्ययनकार्यलाई निश्चित सीमाभित्र राख्न सकिएमा अध्ययन सहज र सरल हुन्छ साथै निश्चित लक्ष्यसम्म पुग्न सहयोग गर्दछ । त्यसैले समय, अर्थ र स्रोतलाई ध्यानमा राख्दै यस अध्ययनलाई निम्न सीमाभित्र सीमित गरिएको थियो ।

- यो अध्ययनको क्षेत्रको रुपमा सगरमाथा अञ्चल उदयपुर जिल्लाका ४४ वटा गा.वि.स. र १ नगरपालिका मध्ये बाराहा गा.वि.स.लाई छनोट गरिएको थियो। उक्त गा.वि.स.का ७ वटा विद्यालयहरु मध्ये वडा नं २, ३, ६ र ९ का ४ वटा प्राथमिक विद्यालयमा मात्र यो अध्ययन सीमित गरिएको थियो।
- यस अध्ययनमा शिक्षकको पेशागत दक्षता थाहा पाउन खुल्ला अन्तर्वार्ता प्रश्नावली, विद्यार्थी समूह छलफल निर्देशिका, कक्षा अवलोकन फारम, विद्यार्थीको उपलब्धी रेकर्ड, विद्यालयको SIP, शिक्षक विद्यार्थी अभिलेख, आदिको प्रयोग गरिएको थियो।
- यो अध्ययन छनोटमा परेका ४ वटै विद्यालयका बालबालिका, अभिभावक, सम्बन्धित स्रोत व्यक्ति, प्रा.वि.तहका शिक्षकहरु र प्र.अ.हरुमा सीमित गरिएको थियो ।
- यस अध्ययनलाई शिक्षकहरुको पेशागत दक्षताको स्थिति विकासको पहिचान गर्न र पेशा अवलम्बनमा भोगेका समस्याहरु पत्ता लगाउन सीमित गरिएको थियो ।

### १.६ परिभाषिक शब्दावली

विभिन्न शब्दले फरक फरक ठाउँमा फरक फरक अर्थ लगाएतापनि यस अध्ययनमा प्रयोग भएका शब्दहरूको अर्थ भने निम्न अनुसार लगाइएको छ :-

| | | |
|---|---|---|
| प्राथमिक विद्यालय | = | कक्षा १ देखि ५ सम्मको विद्यालय |
| शिक्षक | = | प्राथमिक विद्यालयमा अध्यापन गराउने व्यक्ति |
| विद्यार्थी | = | प्राथमिक विद्यालयमा अध्ययन गर्न बालबालिका |
| अभिभावक | = | प्राथमिक विद्यालयमा अध्ययन गर्ने केटाकेटीकाका आमाबाबु, दाजुभाई वा नजिकको आफन्त वा बच्चाको रेखदेख गर्ने व्यक्ति |
| सरोकारवाला व्यक्ति | = | यस अध्ययनमा सरोकारवाला व्यक्ति भन्नाले प्र.अ., शिक्षक, स्रोतव्यक्ति, अभिभावक र विद्यार्थीहरूलाई जनाउादछ । |
| स्रोत व्यक्ति | = | विद्यालयको अनुगमन गर्ने व्यक्ति जुन जिल्ला शिक्षा कार्यालयले तोकेको हुन्छ । |
| T.P. D. | = | Teacher's Professional Development |
| S.S.R.P | = | School Sector Reform Programme |

# परिच्छेद – दुई

# पूर्व साहित्यको समीक्षा

यस परिच्छेदमा प्रस्तावित अध्ययनसँग सम्बन्धित पूर्व प्रकाशित लेख, रचना, पत्रपत्रिका, पुस्तक, पुस्तिका, बुलेटिन एवं विगतमा सम्पन्न गरिएका अनुसन्धान/शोध प्रतिवेदनका सारांशहरूलाई प्रस्तुत गरिएको छ ।

पेशाहरू आ-आफ्नै स्वरूप र प्रकृतिका हुन्छन् । तर जुनसुकै प्रकृतिका र स्वरूपमा पेशाहरू भए पनि उक्त पेशामा सफलता पूर्वक आफ्नो जिम्मेवारी निर्वाह गर्नका लागि पेशागत निपुर्णता आवश्यक पर्दछ जसका लागि ज्ञान, सीप र प्रवृतिको आवश्यकता पर्दछ । यसले गर्दा पेशामा संलग्न व्यक्तिले आफ्नो काम निपूर्णता साथ सम्पन्न गर्न सक्छ । समय परिवर्तनको समसामयिक कुराहरूलाई ख्याल राखी शिक्षकले नया कौशल, चतुरता नयाँ नयाँ कुरा र पद्धतिको आधारमा कक्षा शिक्षण प्रभावकारी ढंगले गर्न सकोस् भनी उसमा Teaching skill को दक्षता अभिवृद्धि गर्नका लागि आवश्यक पर्ने तालिम गोष्ठी सेमिनार एवम् उसको शैक्षणिक, सामाजिक र व्यक्तिगत व्यक्तित्व विकास एवम् सुधारका उपायहरूको अवलम्बन नै वास्तवमा पेशागत दक्षताको विकास भित्र पर्ने कुरा हो (अधिकारी, २०६६) ।

शिक्षण पेशा आर्दश, पवित्र सम्मानित छ भनेर प्रशंसाको पर्खाल लगाई शिक्षकहरूलाई थुनेर मुख वन्द गर्न खोज्ने चलाख प्रशासन र राजनीतिज्ञका कुरा छोडौं, शिक्षक स्वयम् पनि यस्ता प्रशंसा सुन्न मन पराउँछन् र आफू आउँदो पुस्ता र युगको मस्तिष्कका रेखाङ्कन कर्ता हौं भन्ने लगभग विर्सिन्छन् । त्यसैले शिक्षाका ऐन, नियम वा नीति र निर्देशिकामा पनि शिक्षा र शिक्षक सम्बन्धी अस्पष्टता प्रशस्त रहन्छन्, रहेकाछन् र त्यसको समष्टिगत एकीकृत परिणाम देशको विद्यालय शिक्षा पर्याप्त गुणस्तर युक्त हुन सकेको छैन र हुने स्पष्ट पूर्वाभास पनि छैन (शिक्षा पत्रिका, २०६६) ।

अध्ययन अनुसन्धानलाई सफलता प्रदान गर्न र बाटो देखाउन सान्दर्भिक पूर्व साहित्य वा शोधहरूको अध्ययन र समीक्षा गर्नु अध्ययनको एउटा महत्त्वपूर्ण पक्ष हो । अनुसन्धानकर्ता कुनैपनि विषयवस्तुसाग सम्बन्धित भएर जुन अध्ययन गर्न चाहेको छ, सो समस्याको आधारशीला त्यसको सैद्धान्तिक संरचना र त्यस विषयमा आएका पूर्व सिद्धान्तहरूको समीक्षा गर्नु एक महत्त्वपूर्ण कार्य हो ।

शिक्षकहरूको पेशागत दक्षताको विकास नेपाली शिक्षकहरूको सन्दर्भमा एक अपरिहार्य विषय हो । शैक्षिक क्रियाकलापमा शिक्षकहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । वर्तमान परिप्रेक्ष्यमा प्रभावकारी शिक्षण कार्य एक महत्त्वपूर्ण आवश्यकता हो । यसको क्षेत्र व्यापक छ तसर्थ शिक्षकको पेशागत दक्षताको विकास हुनु अपरिहार्य देखिन्छ किनभने शिक्षण कार्य गर्दा शिक्षकलाई के पढाउने ? कसरी पढाउने ? कहिले पढाउने ? कस्ता सामाग्रीहरूको प्रयोग गर्ने ? किन पढाउने ? आदी कुराहरूको ज्ञान हुन

आवश्यक देखीन्छ यसर्थ एउटा दक्ष्य शिक्षकले मात्र यि सम्पूर्ण कुराहरू गर्न सक्ने भएकोले शिक्षक तालिम, गोष्टि, कार्यशाला, सेमिनार आदिमा जोड दिनुपर्ने देखिन्छ ।

यसरी पूर्वसाहित्यहरूको समीक्षाले विषयवस्तुको प्रस्तुतिकरण र समस्या समाधानका लागि सही मार्गदर्शन गर्दछ । शिक्षण पेशा प्रति शिक्षकहरूको पेशागत दक्षताहरू वा दक्षताको स्थिति पहिचान गर्न अध्ययन र संकलन गरिएका सान्दर्भिक विषयवस्तुहरू निम्न अनुसार रहेका छन् ।

## २.१ सैद्धान्तिक साहित्य

शिक्षण एक पेशा हो । पेशा त्यस्तो कार्य हो जसमा विशिष्ट बौद्धिक अध्ययन, तालिम र अभ्यासको आवश्यकता पर्दछ । शिक्षण पेशालाई सफलतापूर्वक कार्यान्वयन गर्नु गराउनु शिक्षकको काम हो । असल शिक्षकमा प्रभावकारी शिक्षण गर्न विभिन्न दक्षताहरूको आवश्कता पर्दछ । शिक्षण कार्य भनेको मानविय व्यवहारसागको प्रत्यक्ष अन्तर्क्रिया हो । मानवीय क्रियाकलापहरूसागको अन्तरक्रिया सबै कार्यहरूभन्दा गाह्रो कार्य हो । यसका लागि शिक्षकमा विशेष कलाको आवश्यकता पर्दछ । त्यसैले भनिन्छ शिक्षण एक कला हो र शिक्षक कलाकार हो । शिक्षण कार्यका लागि विभिन्न सिद्धान्तहरूको निर्माण भएको छ उपयुक्त सिद्धान्त अनुसारको शिक्षण विधिको छनोट गर्न सक्नुपर्दछ अर्थात् शिक्षकले मनोवैज्ञानिक विश्लेषण पद्धति अनुसार विद्यार्थीको मस्तिष्कमा शिक्षणको छाप पार्न सक्नुपर्दछ ।

सन् १९६३ मा WCOTP (World Confederation of Organization of the Teaching Profession) ले एशियामा एक सर्वेक्षण गरेको थियो । उक्त सर्वेक्षणले शिक्षण पेशालाई अन्य पेशा सरह पार्न निम्न कुराहरूमा जोड दिनुपर्ने बताएको छ, जुन कुराहरू शिक्षण पेशाका विशिष्ट पक्षहरू (Features) हुन् ।

- पूर्व परिभाषित कार्यहरू,
- पेशा, प्रवेशको न्यूनतम योग्यता,
- सदस्यहरूको अनुशासन,
- वाह्रय हस्तक्षेप र नियन्त्रणबाट स्वतन्त्रता,
- सदस्यहरूको आर्थिक र सामाजिक मान्यता बढाउने प्रयास,
- बौद्धिक क्षमताहरू र विशिष्ट तालिम,
- काम प्रतिको लगाव ।

शर्मा एण्ड शर्मा, (२०६६), आदर्शवाद (Idealism) मा शिकको भूमिका प्रमुख मानिन्छ । विद्यार्थी, समाज र राष्ट्रका लागि अनुकरणीय व्यक्तित्व शिक्षक नै भएकोले उसको जिम्मेवारी ज्यादै ठूलो मानिन्छ । आदर्शवाद अनुसार शिक्षक नै ज्ञानको केन्द्रविन्दु हो, वास्तविकताको प्रतिमूर्ती हो, विषयवस्तुको संचारको माध्यम हो, प्रगतिको मुहान हो, ईश्वरले ज्ञान दिन पठाएको ईश्वरको सहकर्मी हो भनेर उल्लेख गरेको पाईन्छ ।

Chaube and Chaube, (1990), प्रकृतिवादमा (Naturalism) शिक्षकको भूमिका गौण मानिन्छ । शिक्षकको कर्तव्य, बालकलाई नैतिक चरित्र, आदर्श विचार, तथ्य प्रदान गर्नु नभई केवल अवलोकन गर्नु मात्र हो । बालकले चाहेको अवस्थामा बालकलाई अप्ठ्यारो परेको अवस्थामा पथप्रदर्शकको रूपमा शिक्षकले भूमिका खेल्दछ । प्रकृतिवादी दार्शनिक रुसोका अनुसार बालक एउटा यस्तो पुस्तक हो जसलाई शिक्षकले प्रत्येक पाना पाना पल्टाई पढ्नु पर्दछ । प्रकृति नै शिक्षाको आधार हो शिक्षकले केवल अवलोकन कर्ता र मञ्च निर्माताको भूमिका निर्वाह गर्नुपर्दछ (The teacher should play the role an observer and the stage setter) .

शर्मा एण्ड शर्मा, (२०६६), प्रगतिवाद (Progressivism) मा शिक्षकको भूमिकालाई पथप्रदर्शक र सल्लाहकारको रूपमा लिइन्छ । यसबाद अनुसार शिक्षकको प्रमुख कार्य बालकलाई समस्या बुझाउनु र समाधानका लागि प्रेरित गर्नुलाई मानिन्छ । शिक्षकले विद्यार्थीहरुको मस्तिष्कलाई यस प्रकारबाट प्रशिक्षित गर्न सक्नुपर्दछ जसले गर्दा उसले स्वयम् समस्याको समाधान खोज्न सकोस । यसर्थ यस वाद अनुसार शिक्षक आफैले समस्याको समाधान खोज्दैन तर विद्यार्थीलाई समाधान खोज्नमा सहयोग मात्र गर्दछ ।

T.P.D. कार्यान्वयन पुस्तिका (२०६६), शिक्षकहरूमा रहेको योग्यता एवम् क्षमतालाई समयसापेक्ष रूपमा नवीकरण, सवलीकरण एवम् अद्यावधिक गर्दै कक्षाकोठाको शिक्षणमा तात्विक परिवर्तन ल्याई विद्यार्थीको उपलब्धि स्तरमा सुधार ल्याउनु पर्ने कुरामा जोड दिएको छ । यही कुरालाई मध्यनजर गर्दै शिक्षा क्षेत्रमा अग्रगामी सुधार गर्ने उद्देश्यले चालु आर्थिक वर्षदेखी कार्यान्वयनमा रहेका विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSRP) ले शिक्षकको पेशागत विकास (TPD) का नीति तथा कार्यनिती हरूको व्यवस्था निर्दिष्ट गरेको छ ।

T.P.D. कार्यान्वयन पुस्तिका (२०६६), शिक्षकहरूलाई निरन्तर रूपमा पेशागत दक्षता नवीकरण गर्न नियमित ढङ्गले शिक्षण कार्य सम्पादन क्षमता सुधार गर्न तथा दैनिक अनुभव बाट सिकेका ज्ञानका आधारमा हमेशा समग्र पेशागत उत्कृष्टतातर्फ डोर्‍याउने ‘रोडम्याप’ स्वरूप प्रस्तुत शिक्षक पेशागत दक्षता विकास (Teacher Professional Development) डिजाइन विकास गरिएको छ ।

नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षकको पेशागत दक्षता विकासका लागि शिक्षक पेशामा प्रवेश गर्दा तह अनुसारको न्यूनतम शैक्षिक योग्यताको व्यवस्था गर्नुको साथै शिक्षण पेशामा प्रवेश गर्दा शिक्षण अध्यापन अनुमति पत्रको अनिवार्य व्यवस्था गरेको छ । जसले शिक्षकको पेशागत दक्षता विकासमा सहयोग पुर्‍याउने लक्ष्य लिएको छ ।

S.S.R.P (२०६६-२०७२), शिक्षकका पेशागत दक्षताहरू सुधारसम्बन्धी उल्लेखित उद्देश्यहरू प्राप्तिका लागि शिक्षा प्रणालीमा संरचनागत र कार्यमूलक एकीकरण तथा आन्तरीक कार्यदक्षता सुधार

गरी शिक्षाको दक्षतास्तर र उच्च दक्षता सुनिश्चित गर्नका लागि कार्यक्रमहरू केन्द्रित गरिएको छ । जस अन्तर्गत Teacher's Professional Development (T.P.D.) का लागि नीतिगत एवम् योजनागत व्यवस्था निर्दिष्ट गरेको छ ।

T.P.D. कार्यान्वयन पुस्तिका (२०६७), नेपालमा शिक्षक विकासको अभियान धेरै लामो नभए पनि विगत ३८ वर्षदेखि योजनाबद्ध, समयसापेक्ष र निरन्तर रूपमा अगाडि बढ्दै अएको पाइन्छ । यस दौरानमा शिक्षकको दिर्घकालीन पेशागत योग्यतामुखी (Professional qualification) कार्यक्रमदेखि कक्षाकोठाको शिक्षण कार्य सम्पादनमा देखिएको तत्कालीन आवश्यकतामा आधारित समस्या समाधान मुखी कार्य सम्पादन सुधार (Performance Improvement) कार्यक्रमको विकास गरेको छ जसको मुख्य उद्देश्य शिक्षकहरूले पेशागत ज्ञान, सीप र प्रवृत्तिको विकास गर्नु रहेको छ ।

## २.२ सम्बन्धित अध्ययनको पुनरावलोकन

घिमिरे (२०६६) शिक्षा पत्रिका अनुसार शिक्षकको पेशागत विकासलाई एउटा प्रमुख अवयवको रूपमा लिने गरीन्छ । पेशागत विकासलाई एउटा व्यक्तिको पेशागत भुमिकाको विकासमा रूपमा हेरेको छ । शिक्षकको पेशागत विकासलाई परम्परागत रूपमा नहेरी नयाँ दृष्टिकोण बाट हेर्नु पर्ने कुरामा जोड दिएको छ । साथै शिक्षण सेवामा नवप्रवेशी शिक्षकहरूदेखी सेवा निवृत्त हुन लागेका शिक्षकका पेशागत विकासका लागि विभिन्न नमुनाहरूको विकास गरी कार्यान्वयनमा ल्याइएका छन् ।

प्रकृतिवाद शिक्षकका अनुसार शिक्षण कार्य जटिल तथा चुनौतिपूर्ण कार्य भएकोले शिक्षक वालवालिका प्रति सदैव चिन्तित रहनु आवश्यक छ । शिक्षकमा धैर्य, सहिष्णुता, परिश्रम, निरन्तर अभ्यास, कलात्मक प्रस्तुति गर्ने क्षमता, समय अनुसार नयाा नयाँ सोचाई र प्रविधिहरूको अध्ययन एवम् शिक्षणमा तीनको प्रयोग गर्ने क्षमता हुनुपर्दछ । तसर्थ आजका वालवालिकाको भविष्य शिक्षकमै निर्भर रहने हुनाले आफ्नो पेशागत दक्षता बाट नै उनीहरूको जीवन सार्थक पार्न सदैव क्रियाशील रहनु जसरी हुन्छ । यसैगरी प्रकृतिवादी दार्शनिक रुसोका अनुसार, “विद्यार्थी एउटा पुस्तक हो जसको पन्ना पन्ना शिक्षकले पढ्नुपर्छ” भन्ने विचारहरू पाइन्छ ।

CERID (सन् १९९८), ले आधारभूत तथा प्राथमिक शिक्षा परियोजना अन्तर्गत सञ्चालित प्राथमिक शिक्षामा सुधार गर्ने उद्देश्यले ५ वटै विकास क्षेत्रलाई समेटेर डडेल्धुरा, कैलाली, चितवन, बााके, सुर्खेत र झापा जिल्लाहरूलाई नमूनाको रूपमा छनोट गरी शिशु कक्षा कार्यक्रमको प्रभावकारिताको अध्ययन गरेको थियो । उक्त अध्ययनले पूर्व प्राथमिक तह नपढी प्राथमिक तह पढ्ने बलबालिकाहरूको तुलनामा पूर्व प्राथमिक तह पढ्नेको औसत उपलब्धि १५ प्रतिशतले बढी भएको निष्कर्ष निकालेको थियो।

शिक्षकको पेशागत दक्षता अभिबृद्धिमा कार्यगत अनुसन्धान (Action research) को सहयोग नामक लेखका अनुसार शिक्षकलाई पेशागत दक्षताको बृद्धिमा सधैं सक्रिय गराउनका लागि उनीहरूको

ज्ञान, सीपलाई ताजापन र समय सान्दर्भिक बनाउनु पर्ने कुरामा जोड दिएको पाइन्छ । अनुसन्धानात्मक कार्यलाई शिक्षकको पेशागत दक्षता अभिबृद्धिको अनिवार्य साधनको रूपमा वर्तमान समयमा ज्यादै प्रचलनमा रहेको छ हुन पनि अनुसन्धानलाई First hand ज्ञानको निर्माण गर्ने प्रथम साधनको रूपमा लिइन्छ । त्यसैले भनिन्छ यदि तपाई ज्ञानको भोगबाट ग्रसित हुनुहुन्छ भने त्यसको खोजी गर्नुस् जो तपाई दैनिक प्रयोग र त्यसको लाभांश दिने समुदायसाग छ । यदि मात्र किताबी ज्ञानको खोजि गर्दै हिंड्छौ भने त्यो नक्कल मात्र हो र यसबाट विकास सम्भव छैन् । विकासको सन्दर्भमा ज्ञानको अन्वेषण गर्ने र त्यसलाई विस्तार गर्ने थलो विद्यालय अथवा समाज हो यसको दैनिक पात्र शिक्षक हो । तसर्थ शिक्षकको बृद्धि विकास भनौ वा पेशागत दक्षताको उचाई निर्माण भनौ यी पक्षहरूको समाधान र विकास विस्तारको लागि शिक्षकहरूलाई अनुसन्धानात्मक क्रियाकलापमा सक्रिय गराउन आजको नवीनतम शिक्षक विकासको अवधारणाभित्र पर्दछ ।

न्यौपाने (२०५७) ले गरेका शोध अध्ययन अनुसार तालिम प्राप्त शिक्षक कक्षा कोठामा व्यवस्थापनमा तालिम अप्राप्त भन्दा राम्रो गरेको, तालिम प्राप्त शिषकको विद्यार्थी सक्रियता तालिम अप्राप्तको भन्दा केही बढी विद्यार्थीले बुझ्न जान्न र धारण गर्न सक्ने खालको छ भने विद्यार्थी सहभागिता र मूल्याङ्कन पनि उद्देश्यमूलक भएको कुरा देखाएको छ ।

सेवाकालीन प्राथमिक शिक्षक तालिम एक अध्ययन अन्तर्गत त्रि.वि.वि. का (जोशी २०५६) का अनुसार वर्तमान सेवाकालीन शिक्षक तालिमले शिक्षकहरूमा शिक्षण पेशा प्रति आस्था र उत्साहको भावना अभिवृद्धि गराउन सेवाकालीन तालिको आवश्यकता पर्दछ भन्ने निष्कर्ष एवं सुझावहरू दिएको छ। सेवाकालीन शिक्षक तालिमबाट शिक्षकहरूमा आफ्नो पेशाप्रति उत्साही भावनाको अभिवृद्धि गराई विद्यार्थीको सिकाई उपलब्धिमा थप योग्दान पुगको कुरा उल्लेख भएको छ भने तालिम प्राप्त शिक्षकहरूको शिक्षण प्रस्तुती एवम् सामग्रीको प्रयोग गरेको देखाएको छ ।


श्रेष्ठ (२०६७) को प्रतिवेदन अनुसार विद्यार्थीको उपलब्धी स्तर बृद्धि गरी प्राथमिक शिक्षाको गुणात्मक पक्ष सुधार गर्ने विभिन्न कदमहरू मध्ये प्रथम कदम शिक्षक तालिम हो र यसको साथै विद्यार्थीको उपलब्धीस्तर उकास्नका लागि विद्यालयका शिक्षण सिकाई प्रभावकारी बनाउन शिक्षक तालिम अपरिहार्य भएको कुरा उल्लेख गरिएको छ। जसको अन्त्यमा भनिएको छ - आधारभूत प्राथमिक शिक्षक तालिम समय सापेक्ष शिक्षकहरूलाई उपलब्ध गराई उनीहरूको शिक्षण सिकाइ सिपमा अभिवृद्धि गराउनु पर्ने जस्ता थप सुझावहरू समेत उल्लेख गरिएको छ भने तालिमले शिक्षकहरूको शिक्षण सिकाइलाई प्रभावकारी बनाउने सीपको विकास हुन्छ भन्ने धारणा रहेको छ ।

यसरी माथिका सन्दर्भ सामग्रीहरूको साथै रिर्पोट पुरा गर्नको लागि अनुसन्धानकर्ताले आफ्नै किसिमको अवधारणात्मक ढाँचा बनाएको थियो । जसमा उदयपुर जिल्ला बाराहा गा.वि.स.वडा नं. २, ३, ६ र ९ का ४ वटा विद्यालयको शैक्षिक विकासको अध्ययन गरिएको थियो। त्यसैगरी जिल्ला शिक्षा

कार्यालय उदयपुर गाईघाट गएर विद्यालयको विवरण र शिक्षकहरूको विवरण लिएको थियो। रिपोर्ट पूरा गर्नको लागि शिक्षक र विद्यार्थीसँग प्रश्नपत्रहरू अलग अलग सोधिएको थियो । त्यसैगरी कक्षा अवलोकन, विद्यार्थीको उत्तीर्ण प्रतिशत, कक्षा छोड्ने, कक्षा दोहोऱ्याउने देखि लिएर असफल हुनेको विवरण लिइएको थियो । असफल हुनाका कारणहरू, कक्षा छोड्ने तथा दोहोऱ्याउने कारणहरूको पहिचान गरि रिपोर्टलाई पूर्णता दिइएको थियो ।

## २.३. अवधारणात्मक ढाँचा

शिक्षकको पेशागत दक्षता सम्बन्धी अध्ययन गर्ने क्रममा पेशागता विकासका पक्षहरुलाई पहिचान गर्न अवधारणात्मक ढाँचा निर्माण गरिनेछ । पेशागत दक्षताको विकासका विभिन्न पक्षहरुले आपसमा परिपूरक रुपमा भूमिका निर्वाह गरिरहेको हुन्छ । यसरी शिक्षकको पेशागत रुपलाई दक्ष बनाउन सक्रिय रहने पक्षलाई तलको ढाँचामा राखिएको छ ।



# परिच्छेद-तीन
# अध्ययन विधि

कुनै पनि विषयवस्तु वा शीर्षकमा अध्ययन अनुसन्धान कार्य गर्नु ज्यादै जटिल कार्य हो । यसर्थ कुनै पनि अध्ययन अनुसन्धान कार्य गर्दा निश्चित विधि अपनाएर कार्य गरेमा जटिल कार्य पनि सरल र सहज हुन जान्छन त्यसैले अनुसन्धान कार्य सम्पन्न गर्नका लागि विषयवस्तुको प्रकृति र उद्देश्य प्राप्त हुने गरी विभिन्न विधि तथा तरिकाहरू अवलम्वन गर्नुपर्ने हुन्छ त्यसलाई नै विधि भनिन्छ । विधिले अध्ययन अनुसन्धान कार्यलाई निश्चित बाटो देखाउने लक्ष्यमा पुग्न सहयोग गर्ने र उद्देश्य पुरा गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका खेल्दछ ।

अध्ययन अनुसन्धानको क्रममा अध्ययनकर्ताले कुनै पनि वस्तु प्रक्रिया तथा घटनालाई तिनीहरूको प्राकृतिक अवस्था (Natural Setting) मा नै अध्ययन गरी व्याख्यात्मक तरिकाले विश्लेषण गर्ने विधिलाई गुणात्मक विधि भनिन्छ । यस अध्ययनमा आवश्यकता अनुसार गुणात्मक र परिमाणात्मक विधिको प्रयोग गरिएको थियो ।

## ३.१ अनुसन्धान ढाँचा

कुनै पनि अध्ययन तथा अनुसन्धान कार्यका लागि हालसम्म प्रचलित पद्दतिहरूमा गुणात्मक र परिमाणात्मक विधिहरू पर्दछन् । अनुसन्धान समस्याको वस्तुगत विश्लेषणका लागि अपनाइएको विस्तृत कार्यविधिको रूपरेखा निर्धारण गर्नु नै अनुसन्धान ढाँचा हो (Singh, 2008)।

प्राप्त तथ्याङ्कको आधारमा यस अध्ययनको उद्देश्य अनुसार अध्ययन कार्यलाई सहज र सरल तरिकाले सु-सम्पन्न गर्नका लागि निम्न अनुसारको अनुसन्धान ढाँचाको प्रयोग गरिएको थियो ।

| क्र.सं. | अध्ययनको उद्देश्य | सूचनाको स्रोत | साधन |
|---|---|---|---|
| १ | प्राथमिक तहका शिक्षकहरुको पेशागत दक्षताको स्थिति पहिचान गर्नु | अभिभावक, प्र.अ., शिक्षक, स्रोतव्यक्ति, विद्यार्थी | असंरचित अन्तर्वार्ता, कक्षा अवलोकन फारम |
| २ | प्राथमिक तहका शिक्षकहरुले पेशागत रुपमा भोगेका समस्याहरु पत्ता लगाउनु | शिक्षक, प्र.अ. | अन्तर्वार्ता प्रश्नावली, छलफल |

उपरोक्त ढाँचा अनुसार यो अध्ययन मुख्य रूपमा गुणात्मक विश्लेषण र व्याख्यामा आधारित भएर गरिएको थियो भने आवश्यकता अनुसार परिमाणात्मक विधिको प्रयोग गरिएको थियो । यसर्थ यो अनुसन्धन ढाँचा मिश्रित किसिमको रहेको छ ।

### ३.२ अध्ययनको क्षेत्र

कुनै पनि अध्ययन अनुसन्धान कार्य गर्दा ठाउँ वा क्षेत्रको बारेमा निश्चित हुनुपर्दछ जसले गर्दा अनुसन्धान कार्य सरल र सहज हुन्छ । यस अध्ययनका लागि सगरमाथा अञ्चलको उदयपुर जिल्ला, बाराहा गा.वि.स. वडा नं. २, ३, ६ र ९ का ४ वटा प्राथमिक विद्यालयलाई अध्ययनको क्षेत्रको रूपमा लिइएको छ ।

### ३.३ नमूना छनौट प्रक्रिया

अनुसन्धानकर्ताले आफ्नो अनुसन्धान कार्यको लागि अवलोकन तथा विश्लेषण गरी छनौट गरिएको जनसंख्याको सानो अनुपातलाई नमुना भनिन्छ र यसको छनोटलाई नै नमुना छनौट प्रक्रिया भनिन्छ (Best and Kahn, 2008) । कुनै पनि अध्ययन तथा अनुसन्धानको लागि आवश्यक पर्ने सूचनाहरू सम्पूर्ण जनसंख्याबाट लिनुपर्ने हुन्छ । सम्पूर्ण जनसंख्याको सूचना संकलन गर्न स्रोत, साधन, समय र क्षमता आदिको दृष्टिकोणले सम्भव हुँदैन । जनसंख्याभित्र पनि विभिन्न विशेषता भएका समूहहरू रहेका हुन्छन् । त्यस्ता समूहलाई प्रतिनिधित्व गरी सम्पूर्ण जनसंख्याबट सानो संख्या निर्धारण गरी सूचनाको संकलन गर्नुपर्दछ जसलाई नमुना छनोट प्रक्रिया भनिन्छ । यस अध्ययन कार्यका लागि निम्नअनुसार नमुना छनोट गरिएको थियो ।

#### ३.३.१ अध्ययनको जनसङ्ख्याको छनोट

कुनै पनि अनुसन्धान कार्यका लागि अध्ययन गरिने विषयवस्तु र त्यस विषयवस्तुसँग सरोकार राख्ने विभिन्न व्यक्तिलाई स्पष्ट रूपमा किटान गर्नु नै जनसंख्याको छनोट हो । यो अध्ययन प्राथमिक तहका शिक्षकका पेशागत दक्षताको स्थितिमा गरिएको छ । यस अध्ययनसँग सरोकार राख्ने विद्यालका प्र.अ., शिक्षक, स्रोतव्यक्ति, अभिभावक र विद्यार्थी आदिलाई अध्ययनको जनसंख्याको रूपमा छनोट गरिएको थियो ।

#### ३.३.२ विद्यालयको छनोट

यस अध्ययन कार्यका लागि उदयपुर जिल्लाको बाराहा गा.वि.स वडा नं २, ३, ६ र ९ भित्र पर्ने गा.वि.स.का जम्मा ७ वटा विद्यालय मध्ये सुविधाजनक विधिका आधारमा ४ वटा प्राथमिक विद्यालयको छनोट गरिएको थियो ।

#### ३.३.३ प्रधानाध्यापकको छनोट

यस अध्ययन कार्यका लागि नमुना छनोटमा परेका ४ वटै प्राथमिक विद्यालयका प्रधानाध्यापकहरूलाई स्वतः छनोट गरिएको थियो ।

### ३.३.४ शिक्षकको छनोट

यस अध्ययन कार्यका लागि नमुना छनोटमा परेका ४ वटै प्राथमिक विद्यलायका २/२ जना शिक्षकलाई स्वतः छनोट गरिएको थियो ।

### ३.३.५ अभिभावकको छनोट

यस अध्ययनका लागि छनोटमा परेका ४ वटै विद्यालयबाट ५/५ जना गरी जम्मा २० जना अभिभावकको छनोट गरिएको थियो ।

### ३.३.६ स्रोत व्यक्तिको छनोट

सामुदायिक विद्यालयहरूमा आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमअन्तर्गत विभिन्न विद्यालयहरूको समूह निर्माण गरी स्रोत केन्द्र तोक्ने र त्यहाँ काम गर्ने व्यक्तिलाई स्रोतव्यक्ति भनिन्छ । यस अध्ययनको क्रममा ताम्लिछा स्रोत केन्द्रका स्रोत व्यक्तिलाई स्वतः छनोट गरिएको थियो ।

### ३.३.७ विद्यार्थीको छनोट

यस अध्ययन कार्यको लागि नमूना छनोटमा परेका ४ वटै प्राथमिक विद्यालयका जम्मा विद्यार्थीहरूमध्ये चिठ्ठा विधिको माध्यमबाट ५/५ जना गरी जम्मा २० जना विद्यार्थीहरूको छनोट गरिएको थियो ।

## ३.४ सूचनाको स्रोत

अनुसन्धानकर्ताले अध्ययन कार्यका लागि संकलन गरिएका सूचना तथा तथ्याङ्क प्राप्त गर्न विभिन्न स्रोतहरूको प्रयोग गर्दछन् ती स्रोतहरू प्राथमिक र द्वितीय स्रोतका रूपमा रहन्छन् (Best and Kahn, 2008)। यस अध्ययन कार्यमा पनि यी दुवै स्रोतहरूको प्रयोग गरिएको थियो ।

### ३.४.१ प्राथमिक स्रोत

कुनै पनि सूचना वा तथ्याङ्कलाई अनुसन्धानकर्ता आफै अनुसन्धान क्षेत्रमा उपस्थित हुने र विभिन्न क्रियाकलापहरूमा सहभागी हुँदै अध्ययन र विश्लेषणका आधारमा संकलन गरिएका सूचना वा तथ्याङ्कको स्रोत नै प्राथमिक स्रोत हो (Best and Kahn, 2008: 91) । यस अनुसन्धान कार्यका लागि भेटघाट, कुराकानी, अवलोकन, अन्तर्वार्ता तथा छलफल जस्ता प्राथमिक स्रोतको प्रयोग गरी तथ्याङ्क वा सूचना संकलन गरिएको थियो । यसर्थ कुनै पनि अध्ययन अनुसन्धानको महत्त्व वा विश्वसनियता वृद्धि गर्नका लागि बढी भरपर्दा स्रोत प्राथमिक स्रोत भएको हुनाले यस अध्ययनमा पनि प्राथमिक स्रोतलाई बढी प्रयोग गरिएको थियो

### ३.४.२ द्वितीय स्रोत

कुनै पनि सूचना वा तथ्याङ्क अनुसन्धानकर्ता आफैले प्रत्यक्ष रूपमा अध्ययन नगरी अन्य कुनै अनुसन्धानकर्ता, पुस्तक, सूचना, वुलेटिन आदि जस्ता माध्यमबाट सूचना संकलन गरिन्छ भने त्यसलाई सूचना वा तथ्याङ्कको द्वितीय स्रोत भनिन्छ । कुनै पनि अनुसन्धनकर्ताले आफ्नो अनुसन्धान कार्यलाई पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण सूचनाहरूलाई आफै अध्ययन तथा विश्लेषण गर्न असम्भव हुने हुँदा द्वितीय स्रोतको सहयोग लिनुपर्ने हुन्छ । यस अध्ययनका क्रममा नेपाल सरकार शिक्षा मन्त्रालयबाट प्रकाशित शिक्षकको पेशागत दक्षता विकाससम्बन्धी पुस्तिका, विद्यालय क्षेत्र सुधार कार्यक्रम प्रतिवेदन, शिक्षक शिक्षा, शिक्षा पत्रिका आदिबाट प्राप्त सुचनाहरूलाई सूचनाको द्वितीय स्रोतको रूपमा उपयोग गरिएको छ।

### ३.५ साधनको निर्माण

अनुसन्धानकार्य सफल गर्नका लागि उपयुक्त साधनहरूको निर्माण गर्नुपर्ने हुन्छ । सूचना संकलनका साधनहरू अध्ययनको शीर्षक, समस्याहरू, उद्देश्य, जनसंख्या तथा नमुनाको स्तर अनुरूप निर्माण गर्नुपर्दछ । यस अध्ययनसँग सम्बन्धित आवश्यक सूचनाहरू संकलन गर्न निम्न साधनहरूको निर्माण गरी प्रयोग गरिएको थियो ।

### ३.५.१ अन्तर्वार्ता प्रश्नावली

यस अध्ययनको शीर्षक प्राथमिक तहका शिक्षकका पेशागत दक्षताहरूको अवस्था पहिचान गर्नका लागि आवश्यक सूचनाहरू प्राप्त गर्न नमूना छनौटमा परेका विद्यालयका प्र.अ., शिक्षक, स्रोत व्यक्ति, विद्यार्थी र अभिभावकहरूको लागी छुट्टाछुट्टै अन्तर्वार्ता प्रश्नावली निर्माण गरी अन्तर्वार्ता लिइएको थियो । जसबाट शिक्षकका पेशागत दक्षताहरू जस्तै विषयवस्तुको उच्च ज्ञान, योग्यता, शिक्षणविधि र बालमनोविज्ञानको ज्ञान आदि सम्बन्धमा सूचनाहरू प्राप्त गरिएको छ जसलाई अनुसूची ८, ९, १०, ११, १२ मा राखिएको छ ।

### ३.५.२ कक्षा अवलोकन फाराम

प्राथमिक तहका शिक्षकहरुको पेशागत दक्षतासम्बन्धी अवस्थाको अध्ययन गर्ने शिलशिलामा अध्ययनकर्ताले नमुना छनोटमा परेका विद्यालयका शिक्षकका पेशागत दक्षताहरू ज्ञान, सीप र प्रवृत्ति अन्तर्गत रही कक्षा अवलोकनको अवलोकन फारम निर्माण गरी शिक्षकका पेशागत दक्षताको स्थितिको अवलोकन गरियो । उक्त कक्षा अवलोकन फारममा ३ वटा स्केलहरू उत्तम, मध्यम र न्यूनको प्रयोग गरिएको छ । जसमा उत्तमलाई ३, मध्यमलाई २ र न्यूनलाई १ अंक दिने व्यवस्था गरिएको छ जसलाई अनुसूची १ मा राखिएको छ ।

### ३.५.३ समूह छलफल निर्देशिका

यस अध्ययनको लागि शिक्षकका पेशागत दक्षताहरू, दक्षताहरूको अवस्था, पेशा अवलम्बनमा देखिएका समस्याहरूमा आधारित भई नमुना छनौटमा परेका ४ वटै विद्यालयमा विद्यार्थीको छुट्टा छुट्टै समूह बनाई छलफलको विषयवस्तु प्रस्तुत गरी समूहमा छलफल गरिएको थियो ।

## ३.६ साधनको वैधता निर्धारण

यस अध्ययनका लागि निर्माण गरिएका अवलोकन फाराम, अन्तर्वार्ता अनुसूची र छलफलको विषयवस्तुको बारेमा विषयविशेषज्ञ तथा सहपाठी मित्रहरूका बीचमा अध्ययन तथा छलफल गरिएको थियो । छलफलका क्रममा प्राप्त सुझावहरूको आधारमा संशोधन एवम् परिमार्जन गरी मस्यौदा तयार गरिएको छ । उक्त तयार गरिएको मस्यौदालाई शोधनिर्देशक ज्यूको राय, सल्लाह एवम्, सुझाव अनुसार पून : परिमार्जन गरी साधनको वैधता निर्धारण गरियो ।

## ३.७ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनको तथ्याङ्क संकलनको क्रममा अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई सम्बन्धित स्रोत व्यक्तिलाई भेटेर अध्ययनको उद्देश्यवारे जानकारी गराइयो । स्रोत व्यक्तिको सहयोगमा बाराहा गा.वि.स. वडा नं. २, ३, ६ र ९ अन्तर्गत रहेका विद्यालयको विवरण संकलन गरियो ।

यसरी छनोटमा परेका प्राथमिक विद्यालयहरूमा शोधकर्ता स्वयम् उपस्थित भई त्यहाँ कार्यरत प्रधानाध्यापकलाई आफ्नो अध्ययनको उद्देश्य एवम् संकलनगर्नुपर्ने तथ्याङ्कको बारेमा जानकारी गराइयो । उहाँ मार्फत सम्बन्धित शिक्षकहरूसँग भेटगरी सामान्य परिचय र छलफल गरी उल्लेखित निर्देशन बमोजिम गर्नको लागि अनुरोध गरियो । शिक्षकका पेशागत दक्षताको विषयमा अन्तर्वार्ता लिनुपर्ने हुनाले यसका लागि पनि समय मिलाई अन्तर्वार्ता लिइयो । त्यसैगरी स्रोत व्यक्ति, प्र.अ. शिक्षकहरूबीच समूह छलफल गरियो । जसबाट शिक्षकका पेशागत दक्षताको अवस्था, पेशा अवलम्वनमा देखिएका समस्या तथा ती समस्या समाधानका उपायहरू पत्ता लगाउन सूचना प्राप्त गरियो ।

## ३.८ तथ्याङ्कको विश्लेषण प्रक्रिया

यस अध्ययनका लागि आवश्यक पर्ने सम्पूर्ण सूचनाहरू संकलन गरिसकेपछि संकलित सूचनाहरूलाई विभिन्न समूहमा अलग-अलग राखियो । त्यसपछि प्रत्येक प्रश्नको मिल्दोजुल्दो प्रतिक्रियालाई एउटै समूहमा राखि विश्लेषण तथा व्याख्या गरियो । अन्तमा विभिन्न पक्षबाट प्राप्त परिणामको आधारमा सारांश, प्राप्ति र निष्कर्ष निकालि आवश्यक सूचना सहित शोधपत्र तयार गरिएको छ ।

### ३.९. नैतिक मूल्य

यो अध्ययन अनुसन्धानको सूचना संकलन गर्ने क्रममा कुनैपनि सूचना स्रोत जुटाउँदा कसैलाई पनि डर, धाक, धम्की, गाली बेइजती, असहिँष्णुता र उचनिचको भेदभाव नगरी सौहार्द्ध भावमा सूचना संकलन गरिएको छ । अनुसन्धानको सिलसिलामा गरिने सम्पूर्ण प्रक्रियाहरुमा व्यक्ति संघसंस्था, सरोकारवाला, प्रतिक्रियादाताहरुको आन्तरिक तथा गोपानीयतालाई बाहिर ल्याइएको छैन । सूचना संकलन गर्दा प्रतिक्रियादाताहरुलाई सौहार्दपूर्ण वातावरणमा सूचना प्रदान गर्न प्रोत्साहन गरियो  र कुनै आर्थिक प्रलोभनमा पारिएको छैन ।

# परिच्छेद चार

# तथ्याङ्कको विश्लेषण र व्याख्या

अनुसन्धानबाट संकलित सूचनाहरु छरिएर रहेका हुन्छन् । अनुसन्धान कार्यलाई पूर्णता दिन संकलन गरिएका ती छरिएर रहेका सूचनाहरुलाई उद्देश्य अनुरुप छुट्याउने साङ्केतिकरण गर्ने, वर्गीकरण गर्ने, संगठित गर्ने, निश्चित क्रममा मिलाउने, सम्पादन गर्ने, व्यवस्थित गर्ने र सूचनाहरुलाई दिएको अर्थको व्याख्या गर्ने कार्यलाई तथ्याङ्कको व्याख्या र विश्लेषण भनिन्छ । अनुसन्धानको समस्याको विषयमा अध्ययन गर्नका लागि विभिन्न विधि तथा साधनहरुलाई आवश्यक सूचनाहरु संकलन गर्न सक्ने रुपमा विकास तथा प्रयोग गरी सूचनाहरु संकलन गरिएको हुन्छ । यी सूचनाहरुलाई विभिन्न शीर्षक तथा उपशीर्षकमा संगठित गर्नका लागि सूचनाको सम्पादन गर्नुपर्छ ।

"प्राथमिक तहका शिक्षकहरुको पेशागत दक्षताको स्थिति" नामक अध्ययन शीर्षकमा आवश्यकता अनुसार गुणात्मक र परिमाणात्मक विधिको प्रयोग गरिएको थियो । अध्ययनको उद्देश्य हासिल गर्न प्र.अ. , शिक्षकहरु, अभिभावक, स्रोतव्यक्तिसँग असंरचित अन्तर्वार्ता लिइएको थियो । शिक्षकहरुका पेशागत दक्षताको स्थिति सम्बन्धि नमूनाको रुपमा छनोट भएका ४ ओटै प्राथमिक विद्यालयका २/२ जना शिक्षकहरुको कक्षा अवलोकन गरिएको थियो । यसरी यी विभिन्न स्रोत र तरिकाहरुबाट संकलित सूचनाको प्रस्तुति, व्याख्या, र विश्लेषण निम्न शीर्षकहरुमा संगठित गरिएको छ :

क) प्राथमिक तहका शिक्षकहरुका पेशागत दक्षताको स्थिति

ख) प्राथमिक तहका शिक्षकहरुले पेशागत रुपमा भोगेका समस्याहरु

माथि उल्लेखित शीर्षकहरुमा तथ्याङ्क संकलनका लागि असंरचित अन्तर्वार्ता, कक्षा अवलोकन र समूह छलफल गरिएको थियो । प्राप्त सूचनाहरुको प्रस्तुति विश्लेषण र व्याख्या निम्नानुसार गरिएको छ ।

### ४.१ प्राथमिक तहका शिक्षकहरुको पेशागत दक्षताको स्थिति

प्राथमिक तह शैक्षिक संरचनाको आधारभूत तह हो । यस तहका शिक्षकहरुको पेशागत दक्षताको स्थिति पत्ता लगाउने शिक्षकहरुको ज्ञान, सीप र प्रवृत्ति सम्बन्धीका कुराहरुलाई समेटिएको छ । यसरी पेशागत रुपमा दक्षताको स्थिति पत्ता लगाउन विभिन्न पक्षहरुसँग लिइएको अन्तर्वार्ता र अध्ययनकर्ता स्वयम् उपस्थित भई शिक्षकहरुको कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरुलाई आधार लिइएको थियो । प्राप्त तथ्याङ्कहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.१.१ प्राथमिक तहका शिक्षकका पेशागत दक्षताको स्थिति सम्बन्धमा प्र.अ. स्रोतव्यक्ति र अभिभावकहरुबाट प्राप्त प्रतिक्रिया

शिक्षकले आफ्नो पेशामा सम्पादन गरेको कार्यक्षमता उसको पेशागत दक्षता हो । कुनै पनि पेशामा संलग्न व्यक्ति वा शिक्षकको पेशागत दक्षताको आधारहरु मध्ये निजले सम्पादन गरेको पेशागत कार्य पनि एक हो । त्यसैले शिक्षकका पेशागत दक्षताको स्थिति सम्बन्धमा प्र.अ., स्रोतव्यक्ति र अभिभावकहरुसँग अन्तर्वार्ता लिइएको थियो । उक्त अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कहरुलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१**

**शिक्षकको ज्ञानको अवस्था बारे सरोकारवालाको धारणा**

| विवरण | प्रधानाध्यापक | | | स्रोतव्यक्ति | | | अभिभावक | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न |
| विषयवस्तुको ज्ञान | १ | ३ | | १ | | | ५ | १५ | |
| बालमनोविज्ञानको ज्ञान | २ | २ | | | १ | | ६ | १० | ४ |
| शिक्षण पद्धतिको ज्ञान | ३ | १ | | | १ | | ९ | १० | १ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।*

**विषयवस्तुको ज्ञान :**

शिक्षकहरु विषयवस्तुको ज्ञानमा कतिको दक्ष वा अदक्ष छन् तथा शिक्षकले विषयवस्तुलाई विद्यार्थीहरुकासामु कसरी प्रस्तुतीकरण गर्दछन् भनी लिइएको अन्तर्वार्ताबाट प्राप्त प्रतिक्रिया बुझ्दा ४ जना प्र.अ. मध्ये १ जनाले उत्तम र ३ जनाले मध्यम किसिमको विषयवस्तुको ज्ञान भएको प्रतिक्रिया दिए । त्यसै गरी स्रोतव्यक्तिसँगको जिज्ञाशामा शिक्षकमा विषयवस्तुको ज्ञान उत्तम रहेको बताए । त्यसैगरी अभिभावकहरुसँगको प्रतिक्रियामा ५ जनाले उत्तम रहेको बताए भने १५ जनाले शिक्षकहरुमा विषयवस्तुको ज्ञान मध्यम स्तरको रहेको प्रतिक्रिया दिए । माथिको विश्लेषणबाट के भन्न सकिन्छ भने अधिकांश प्रतिक्रियादाताहरुको आधारमा शिक्षकहरुको ज्ञानको अवस्था मध्यम रहेको पाइयो । स्रोतव्यक्तिको प्रतिक्रियामा शिक्षकहरुको विषयवस्तु प्रतिको ज्ञान उत्तम रहेको भन्ने बुझियो ।

यसरी विषयवस्तुको ज्ञान सम्बन्धी सारेकारवालाहरुको धारणाको अतिरिक्त कक्षा अवलोकन गर्दा शिक्षकहरुमा विषयवस्तुको ज्ञान राम्रो पाइयो भने त्यति स्फूर्तिका साथ शिक्षण गरेको पाइएन, सार्थै विषयवस्तु पढाउँदा पाठयोजनाको प्रयोग नगरेको , शैक्षिक सामग्रीहरुको प्रयोग नगर्ने तथा विषयवस्तु तयारी नगरी आइ कक्षामा एकोहोरो रुपमा पाठ्यपुस्तकलाई मात्र आधार मानी शिक्षण गरेको पाइयो ।

पाठशीर्षकसँग मिल्दा जुल्दा उदाहरण दिएको कम पाइयो । कक्षाकोठामा शिक्षक आफूमात्रै बढी सक्रिय रहेको र विद्यार्थीहस्लाई सक्रिय गराउने कुनै प्रयास नगरेको पाइयो । यसरी समग्र रुपमा हेर्दा शिक्षकहरुको विषयवस्तु ज्ञानलाई त्यति फराकिलो भने मान्न सकिन्न ।

### बालमनोविज्ञानको ज्ञान

शिक्षकको पेशागत दक्षता सम्बन्धी 'ज्ञान अन्तर्गत बालमनोविज्ञानको ज्ञान के कस्तो छ भन्ने सम्बन्धमा गरिएको अन्तर्वार्तामा उत्तरदाताको प्रतिक्रिया बुझ्दा ४ जना प्र.अ. हरु मध्ये २ जनाले उत्तम रहेको बताए भने २ जनाले बालमनोविज्ञानको ज्ञान शिक्षकहरुहमा मध्यम स्तरको रहेको कुरा बताए । त्यसैगरी स्रोतव्यक्तिसँग सोध्दा शिक्षकहरुमा बालमनोविज्ञानको ज्ञान मध्यम स्तरको रहेको छ भन्ने प्रतिक्रिया पाइयो । अभिभावकहरुसँगको प्रतिक्रियामा ६ जनाले शिक्षकहरुको बालमनोविज्ञान सम्बन्धी ज्ञान उत्तम रहेको, १० जनाले मध्यम र ४ जनाले निम्न रहेको कुरा बताए । यसरी माथिको विश्लेषण बाट शिक्षकहरुमा बालमनोविज्ञानको ज्ञान मध्यम किसिमको रहेको अनुमान गर्न सकिन्छ । शिक्षकहरुमा कक्षा अवलोकनबाट बालमनोविज्ञानको ज्ञान बुझ्दा अधिकांश शिक्षकहरुले विद्यार्थीहरुको रुचि, क्षमता, आवश्यकता, उमेर तहलाई वेवास्ता गरी शिक्षण गरेको पाइयो । विद्यार्थीहरुलाई कसरी पढाउनु पर्छ भन्ने कुरा थाहा भए पनि आलस्यका कारण त्यसलाई उचित किसिमले त्यसलाई प्रयोग गर्ने क्षमताको कमी भएको पाइयो ।

### शिक्षण पद्धतिको ज्ञान

शिक्षकको पेशागत दक्षता सम्बन्धी शिक्षण पद्धतिको ज्ञान र सीप के कस्तो रहेको छ भन्ने बारेमा प्रधानाध्यापकको प्रतिक्रिया बुझ्दा ३ जनाले उत्तम र १ जनाले मध्यम किसिमको ज्ञान रहेको प्रतिक्रिया दिए भने स्रोतव्यक्ति सँगको प्रतिक्रिया लिंदा शिक्षकहरुमा शिक्षण पद्धतिको ज्ञान मध्यम स्तरको रहेको कुरा वताए त्यसैगरी अभिभावकहरुको  प्रतिक्रिया वुझ्दा ९ जनाले उत्तम १० जनाले मध्यम र १ जनाले निम्न स्तरको ज्ञान रहेको प्रतिक्रिया दिए । यसरी माथिको विश्लेषण बाट के भन्न सकिन्छ भने प्रतिक्रियादाताहरुले दिएको प्रतिक्रिया अनुसार मध्यम र निम्न स्तर ज्ञान रहेको भन्ने बराबर भएका र निम्न स्तरको रहेको १ जना मात्र भएकाले समग्रमा शिक्षकहरु ज्ञान मध्यम स्तरको नै रहेको पाइयो ।

प्राथमिक तहका शिक्षकहरुमा शिक्षकहरुमा शिक्षण पद्धतिको ज्ञान के कस्तो रहको छ भनी अवलोकन गर्दा प्राय शिक्षकहरु शिक्षणपद्धतिको वारेमा स्पष्ट धारण र ज्ञान भएको पाइयो । उनीहरुले विषयवस्तुको शिक्षण गर्दा पाएको प्रकृति हेरी शिक्षण विधिको छनोट गर्ने गरेको पाइयो तर शिक्षण गर्दा वालकेन्द्रित शिक्षण विधिको प्रयोग कम गर्ने गरेको पाइयो जसले गर्दा विद्यार्थीहरु शिक्षण सिकाइ क्रियाकलापमा कम सहभागी भएको पाइयो ।

**तालिका ४.२**

**शिक्षकहरुमा सीपको अवस्थावारे सरोकारवालाको धारणा**

| विवरण | प्रधाननध्यापक | | | स्रोतव्यक्ति | | | अभिभावक | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न |
| कक्षा व्यवस्थापन | २ | २ | | | १ | | ४ | १६ | |
| वालवालिकाहरुको रुचि र क्षमतानुसारको शिक्षण | २ | २ | | | १ | | ५ | १५ | |
| शैक्षिक समाग्री प्रयोगको सीप | | ३ | १ | | | १ | ६ | २ | १२ |
| शैक्षिक सामाग्री निर्माणको सीप | | ३ | १ | | १ | | ८ | ६ | ६ |

*स्रोत: स्थलगत सर्वेक्षण, २०६९ ।*

**कक्षा व्यवस्थापन**

शिक्षकको पेशागत दक्षता सम्वन्धी 'सीप' अन्तर्गत कक्षा व्यवस्थापन वारे प्रतिक्रिया वुभ्दा ४ जना प्र.अ. मध्ये २ जनाले उत्तम र २ जनाले मध्यम किसिमको कक्षा व्यवस्थापन सीप रहेको प्रतिक्रिया दिए । त्यसै गरी कक्षा व्यवस्थापन वारे स्रोतव्यक्तिको प्रतिक्रिया वुझ्दा शिक्षकहरुको कक्षा व्यवस्थापन सीप मध्यम किसिमको रहेको प्रतिक्रिया दिए । त्यसैगरी शिक्षकको कक्षा व्यवस्थापन सीपको वारेमा अभिभावकहरुको प्रतिक्रिया लिंदा ४ जनाले उत्तम र १६ जनाले मध्यम स्तर रहेको वताए । यसरी माथिको तथ्याङ्कको आधारमा विश्लेषण गर्दा प्र.अ.र स्रोतव्यक्ति बढी मात्रामा कक्षा व्यवस्थापन सम्वन्धी जानकारी राख्ने हुनाले उनीहरुको प्रतिक्रियाको आधारमा शिक्षकहरुको कक्षा व्यवस्थापनको सीप मध्यम किसिमको पाइयो ।

प्राथमिक तहका शिक्षकहरुमा कक्षा व्यवस्थापन सीप कस्तो रहेको छ भनी गरिएको अवलोकनको आधारमा अधिकाश शिक्षकहरु कक्षाकोठामा प्रवेश गर्दा कुनै व्यवस्था नगर्ने र विद्यार्थीहरु जो जहाँ वसेका छन् त्यसैअनुसार वस्ने भन्ने र सीधै पाठ प्रवेश गर्ने गरेको पाइयो । यसरी शिक्षकहरुले शिक्षण गर्दा कक्षाकोठामा वेन्चको अवस्था, कालोपाटीको अवस्था र विद्यार्थी बसाइको अवस्थालाई पनि ध्यान नदिएको पाइयो ।

**बालवालिकाको रुचि र क्षमता अनुसार शिक्षण**

शिक्षकहरुले वालवालिकाहरुको रुचि र क्षमता अनुसार कक्षा शिक्षण गरेका छन् कि छैनन् भन्ने प्रतिक्रियामा उत्तरदाताहरुको राय लिंदा ४ जना प्र.अ मध्ये २ जनाले उत्तम रहेको प्रतिक्रिया दिए भने २ जना प्र.अ.ले मध्यम स्तरको प्रतिक्रिया दिए । त्यसैगरी सोही विषयमा स्रोतव्यक्तिको प्रतिक्रिया लिँदा

मध्यम किसिमको रहेको प्रतिक्रिया दिए । त्यसैगरी अभिभावकको प्रतिक्रिया बुझ्दा ५ जनाले उत्तम किसिमको प्रतिक्रिया दिए र १५ जनाले मध्यम किसिमको रहेको बताए । निम्न किसिमको प्रतिक्रिया भने कसैले पनि दिएनन् । यसरी प्र.अ. स्रोतव्यक्ति र अभिभावकहरुबाट प्राप्त प्रतिक्रियाको आधारमा अधिकांश उत्तरदाताहरुले मध्यम किसिमको प्रतिक्रिया दिएका हुनाले शिक्षकले बालबालिकाको रुचि र क्षमता अनुसारको शिक्षण सीप मध्यम किसिमको रहेको पाइयो । शिक्षकहरुको शिक्षण गर्दा बालबालिकाहरुलाई उनीहरुको आवश्यकता रुचि, क्षमता, तह र उमेरलाई ध्यान दिई शिक्षण गर्ने गरेको पाइयो । सबै विद्यार्थीहरुको रुचिलाई आधार मानेर शिक्षण गर्ने गरेको भएतापनि समय नपुग्ने भन्ने कुरा बताए ।

बालबालिकाहरुको रुचि र क्षमता अनुसारको शिक्षण सीप कस्तो रहेको छ भन्ने कुरा कक्षा अवालेकनबाट हेर्दा केही शिक्षकहरु विगत लामो समयदेखि विशुद्ध प्रा.वि. तहमा शिक्षण गरिरहेकाले अनुभवकोआधारमा विद्यार्थीको रुचि र क्षमतालाई ध्यान दिएको पाइयो भने केही शिक्षकहरु तालिम अप्राप्त रहकाले आफ्नै तरिकाले शिक्षण गर्ने गरेको पाइयो । त्यसैगरी केही शिक्षकहरु शिक्षा विषयमा माथिल्लो योग्यता हासिल गर्न सफल हुनु भएकाले उहाँहरुको शिक्षण प्रयास पनि रुचि र क्षमता अनुसार नै रहेको पाइयो ।

**शैक्षिक सामग्री प्रयोगको सीप**

शिक्षकहरुको पेशागत दक्षताको स्थिति अन्तर्गत शैक्षिक सामग्रीको प्रयोग सम्बन्धमा उत्तरदाताहरुबाट प्रतिक्रिया लिँदा ४ जना प्र.अ. मध्ये १ जनाले निम्न रहेको र ३ जनाले मध्यम किसिमको प्रतिक्रिया दिए तर उत्तम किसिमको प्रतिक्रिया भने पाइएन । त्यसैगरी सोही विषयमा स्रोतव्यक्तिको प्रतिक्रिया बुझ्दा निम्न किसिमको बताए । त्यसै गरी शैक्षिक सामग्रीको प्रयोगको सीप सम्बन्धमा अभिभावकहरुको प्रतिक्रिया बुझ्दा जम्मा ६ जनाले उत्तम, २ जनाले मध्यम र १२ जनाले निम्न किसिमको रहेको भनी प्रतिक्रिया दिएको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने शिक्षकहरुको शैक्षिक सामग्री प्रयोगको सीप सम्बन्धी निम्न किसिमको रहेको पाइयो ।

प्राथमिक तहका शिक्षकहरुमा शैक्षिक सामग्री प्रयोगको सीप के कस्तो रहेका छ भन्ने बारेमा कक्षा अवलोकन गर्दा शिक्षकहरुले शैक्षिक सामग्री अत्यन्तै कम मात्रामा गरेको पाइयो । अधिकाँश शिक्षकहरु शैक्षिक सामग्री विना नै कक्षामा आउने गरेको पाइयो । शैक्षिक सामग्रीको प्रयोग गर्दा केही शिक्षकहरुले पढाएको विषयवस्तु अनुसार मेल खाने नै गर्ने गरेको देखियो । समग्रमा भन्नु पर्दा अनुगमनकर्ता प्र.अ. ले शैक्षिक समग्रीको प्रयोगको बारेमा व्यवस्ता नगरेको कारण शिक्षकहरुमा आलस्यता र विना सामग्री पढाउँदा भै हाल्छ भन्ने परम्परावादी शिक्षण कार्यमा उन्मुख भएको पाइयो ।

**शैक्षिक सामग्रीको निर्माणको सीप**

शिक्षकहरुको पेशागत दक्षताको स्थिति अन्तर्गत शैक्षिक सामग्रीको निर्माणको सी कस्तो रहेको छ भन्ने सम्बन्धमा लिइएका प्रतिक्रियामा ४ जना प्र.अ. मध्ये ३ जनाले मध्यम र १ जनाले निम्न

किसिमको रहेको प्रतिक्रिया दिए । त्यसैगरी सोही विषयमा स्रोतव्यक्तिको प्रतिक्रिया लिँदा मध्यम किसिमको रहेको बताए भने अभिभावकहरुको राय लिँदा ८ जनाले उत्तम रहेको , ६ जनाले मध्यम र ६ जनाले निम्न स्तरको शैक्षिक सामग्रीको प्रयोग गर्ने गरेको भन्ने प्रतिक्रिया दिए ।

शैक्षिक सामग्री निर्माणको सीपमा शिक्षकहरु धेरै कमजोर रहेको पाइयो । उनीहरुले विषयवस्तुसँग मेल खाने शैक्षिक सामग्री निर्माण गर्न कुनै तालिम नभएकाले आफूहरु असक्षम रहेको भन्ने तर्क दिए तर समग्रमा शैक्षिक क्षेत्रमा संलग्न ती शिक्षकहरु आफू शैक्षिक सामग्री निर्माणमा आफै सक्रिय रहनु पर्छ र शैक्षिक सामग्रीको निर्माण र प्रयोगले शिक्षण सिकाइ क्रियाकलापमा सहज हुन्छ भन्ने कुराको ज्ञान नभएको पाइयो । यसर्थ समग्रमा शिक्षकहरुमा शैक्षिक सामग्रीको छनोट र निर्माण गर्ने सीपको अभाव रहेको पाइयो ।

**तालिका ४.३**

**शिक्षकको प्रवृत्तिको अवस्था सम्बन्धी सरोकारवालाको धारणा**

| विवरण | प्रधानाध्यापक | | | स्रोतव्यक्ति | | | अभिभावक | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न |
| अनुशासन | ३ | १ | | १ | | | ११ | ६ | ३ |
| अध्ययनशील र जिज्ञाशु | २ | २ | | | १ | | ४ | १० | ६ |
| निरन्तर अभ्यास | १ | ३ | | | १ | | ६ | ९ | ५ |
| उपस्थिति | ३ | १ | | | १ | | ४ | ११ | ५ |
| बालबालिकाहरुसँगको व्यवहार | १ | २ | १ | | १ | | ९ | १० | १ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

**अनुशासन**

शिक्षकको पेशागत दक्षता सम्बन्धी शिक्षकको अनुशासन सम्बन्धमा उत्तरदाताहरुको प्रतिक्रिया बुझ्दा ४ जना प्र.अ. हरु मध्ये ३ जनाले उत्तम र १ जनाले ध्यम किसिमको प्रतिक्रिया दिए । त्यसैगरी स्रोतव्यक्तिको अन्तर्वार्तामा पनि शिक्षकको अनुशासन उत्तम किसिमको अभिव्यक्ति दिए । त्यसैगरी अभिभावकहरुसँगको प्रतिक्रियामा शिक्षकहरुको अनुशासन ११ जनाले उत्तम ५ जनाले मध्यम र ३ जनलो निम्न किसिमको बताए । यसबाट के स्पष्ट हुन्छ भने शिक्षकहरु जहिले पनि अभिभावक, प्र.अ. र स्रोतव्यक्तिको नजरमा र रेखदेखामा रहने हुनाले शिक्षकहरुको अनुशासन उत्तम किसिमको रहेको पाइयो ।

प्राथमिक तहका शिक्षकको पेशागत दक्षता अन्तर्गत प्रवृत्ति सम्बन्धी शिक्षकहरुमा अनुशासनको अवस्था के कस्तो रहेको छ भन्ने बारेमा गरिएको अवलोकनमा प्राय शिक्षकहरुले प्रायः शिक्षकहरुले विद्यालयको नियम र आचारसंहिता पालन गरेको देखियो । साथै शिक्षकहरुले समयमै विद्यालय आउने र आफ्नो जिम्मेवारी वहन गर्ने गरेको पाइयो । यसरी शिक्षकहरुको अनुशासनको अवस्था राम्रो रहेको पाइयो ।

**जिज्ञाशु र अध्ययनशील**

शिक्षकहरुको पेशागत दक्षता अन्तर्गत शिक्षकहरु उत्तिको अध्ययनशील र जिज्ञाशु रहेको छन् भन्ने प्रतिक्रिया लिँदा ४ जना प्र.अ. मध्ये २ जनाले उत्तम र २ जनाले मध्यम स्तरको रहेको कुरा बताए। त्यसैगरी स्रोतव्यक्तिसँग शिक्षकहरु कतिको अध्ययनशील र जिज्ञाशु छ भनी प्रतिक्रिया लिँदा मध्यम किसिमका छन् भनी प्रतिक्रिया दिए । यसै विषयमा अभिभावकहरुको प्रतिक्रिया लिँदा ४ जनाले उत्तम १० जनाले मध्यम र ६ जनाले निम्न किसिमको रहेको बताए ।

यसरी सम्पूर्ण उत्तरदाताको प्रतिक्रियालाई हेर्दा अधिकांश उत्तरदाताले मध्यम भन्ने प्रतिक्रिया दिएको हुँदा शिक्षकहरु आफ्नो विषयमा कम अध्ययनशील र जिज्ञाशु रहेको पाइयो ।

**निरन्तर अभ्यास**

शिक्षकका पेशागत गुणहरुलाई दक्षताभित्र राखेर निरन्तर अभ्यास सम्बन्धी उत्तरदातासँग लिएको प्रतिक्रियामा १ जना प्र.अ.ले उत्तम र ३ जना प्र.अ.ले मध्यम स्तरको रहेको बताए । त्यसैगरी स्रोतव्यक्तिसँगको प्रतिक्रियामा शिक्षकहरु निरन्तर अभ्यासका लागि मध्यम स्तरका रहेको कुरा बताए भने अभिभावकहरुसँगको प्रतिक्रियामा ६ जनाले उत्तम, ९ जनाले मध्यम र ५ जनाले निम्न स्तरको बताए । यसरी यस विषयमा अधिकांश प्रतिक्रियादाताहरुले मध्यम स्तरमा प्रतिक्रिया दिएको हुनाले शिक्षकहरुको निरन्तर अभ्यास गर्ने बानी कमै रहेको पाइयो ।

**उपस्थिति**

शिक्षकको नियमितताको सम्बन्धमा प्रश्न गर्दा ४ जना प्र.अ. मध्ये ३ जनाले उत्तम छ भन्नु भयो । यसको अर्थ शिक्षकहरु पेशामा नियमित भएको पाइन्छ र १ जनाले मध्यम किसिमको रहेको बताए । त्यसैगरी विद्यालयमा शिक्षक उपस्थितिका सम्बन्धमा स्रोतव्यक्तिको प्रतिक्रिया बुझ्दा मध्यम प्रतिक्रिया व्यक्त गरे । त्यसैगरी यसै विषयमा अभिभावकहरुको प्रतिक्रिया बुझ्दा ४ जनाले उत्तम ११ जनाले मध्यम र ५ जनाले निम्न रहेको बताए । विद्यालयको उपस्थिति रेकर्ड हेर्दा पनि राम्रै पाइयो ।

**बालबालिकाहरुसँगको व्यवहार**

शिक्षकहरुको बालबालिकाहरुसँगको व्यवहार के कस्तो रहेको छ भन्ने बारेमा प्रतिक्रिया बुझ्दा ४ जना प्र.अ. मध्ये १ जनाले उत्तम, २ जनाले मध्यम र १ जनाले निम्न किसिमको रहेको बताए । यसै

विषयमा स्रोतव्यक्तिंसँगको प्रतिक्रियामा मध्यम किसिमको रहेको बताए र अभिभावकहरुसँगको प्रतिक्रियामा ९ जनाले उत्तम १० जनाले मध्यम १ जनाले निम्न स्तरको रहेको कुरा बताए । यसरी अधिकांश प्रतिक्रियादाताहरुको प्रतिक्रियालाई विश्लेषण गर्दा शिक्षकको बालबालिकाहरुसँग गर्ने व्यवहार मध्यम किसिमको रहेको पाइयो ।

शिक्षकहरुको बालबालिकासँगको व्यवहार अवलोकन गर्दा शिक्षकहरु विद्यार्थीहरुसँग गफ गर्ने, मिलनसार, सहयोगी भावनाको रहेको पाइयो । विद्यार्थीहरुलाई विषयवस्तुको बारेमा कक्षाकोठामा भन्दा बाहिर पनि छलफल गर्ने र निरन्तर अन्तक्रिया गर्ने गरेको पाइयो । यसरी शिक्षकहरु विद्यार्थीसँग मिलनसार र सहयोगी भावना व्यक्त गरी सुमधुर सम्बन्ध कायम गरेको पाइयो ।

प्राथमिक तहका शिक्षकहरुको पेशागत दक्षताको स्थिति सम्बन्धमा ४ जना प्र.अ., १ जना स्रोतव्यक्ति र २० जना अभिभावकहरु गरी जम्मा २५ जना उत्तरदाताहरुको प्रतिक्रियाको आधारमा शिक्षकहरको ज्ञान, सीप र प्रवृत्ति निम्न अनुसार रहेको पाइयो ।

**तालिका ४.४**

**शिक्षकहरुको पेशागत दक्षताको सम्बन्धमा सरोकारवालाहरुबाट प्राप्त प्रतिक्रियाहरुको समष्टिगत अवस्था**

| विवरण | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|
| ज्ञान | | | |
| विषयवस्तुको ज्ञान | ७ (२८ %) | १८(७२ %) | - |
| वाल मनोविज्ञानको ज्ञान | ८ (३२ %) | १३ (५२ %) | ४(१६ %) |
| शिक्षण पद्धतिको ज्ञान | १२ (४८ %) | १२ (४८ %) | १(४ %) |
| सीप | | | |
| कक्षा व्यवस्थापन | ६ (२४ %) | १९ (७६ %) | - |
| बालबालिकाहरुको रुचि र क्षमता अनुसारको शिक्षण | ७ (२८ %) | १८ (७२ %) | - |
| शैक्षिक सामाग्रीको प्रयोग | ६ (२४ %) | ५ (२० %) | १४ (५६ %) |
| शैक्षक सामग्रीको निमाण | ८ (३२ %) | १०(४० %) | ७ (२८ %) |
| प्रवृत्ति | | | |
| अनुशासन | १५ (६० %) | ७ (२८ %) | ३ (१२ %) |
| अध्ययशील जिज्ञाशु | ६ (२४ %) | १३ (५२ %) | ६ (२४ %) |
| निरन्तर अभ्यास | ७ (२८ %) | १३(५२ %) | ५ (२० %) |
| उपास्थिति | ७ (२८ %) | १३ (५२ %) | ५ (२० %) |
| बालबालिकाहरुसँगको व्यवहार | १० (४० %) | १३ (५२ %) | २ (८ %) |

*स्रोतःस्थलगत सर्वेक्षण, २०६९*

माथि उल्लेखित तालिकाको आधारमा शिक्षकको पेशागत दक्षताको स्थिति अन्तर्गत ज्ञान, सीप र प्रवृत्ति सम्बन्धमा प्र.अ. स्रोतव्यक्ति र अभिभावकबाट प्राप्त प्रतिक्रियाको व्याख्या र विश्लेषण निम्न अनुसार गरिएको छ ।

**शिक्षकहरुको पेशागत ज्ञान**

शिक्षकहरुको पेशागत दक्षता अन्तर्गत ज्ञान महत्वपूर्ण पक्ष हो । ज्ञानको अभावमा शिक्षण कार्य सम्भव हुँदैन साथै शिक्षकहरु आफ्नो लक्ष्यमा पुग्न सक्दैन् र त्यसकारण शिक्षकहरुमा ज्ञानको भण्डार हुनु नितान्त आवश्यक छ । यसरी माथिका भनाईहरुको विश्लेषण गर्दा शिक्षकहरुका पेशागत ज्ञान अन्तर्गत विषयवस्तुको ज्ञान जान्न खोज्दा २८ प्रतिशत उत्तरदाताहरु उत्तम र ७२ प्रतिशत उत्तरदाताहरुले मअध्यम भन्ने प्रतिक्रिया दिए भने निम्न प्रतिक्रिया कसैले पनि दिएनन् । त्यसैगरी शिक्षकहरुमा बाल मनोविज्ञानको ज्ञान कस्तो रहेका छ भन्ने प्रश्नको उत्तरमा ३२ प्रतिशत उत्तरदाताहरुले उत्तम, ५२ प्रतिशत उत्तरदाताहरुले मध्यम र १६ प्रतिशत उत्तरदाताहरुले निम्न किसिमको रहेको प्रतिक्रिया दिए । शिक्षकहरुको पेशागत ज्ञान अन्तर्गत शिक्षण पद्धतिको ज्ञान अन्तर्गत शिक्षणपद्धतिको ज्ञान उत्तमभन्नेमा ४८ प्रतिशत, मध्यम भन्नेमा ४८ प्रतिशत र ४ प्रतिशत निम्न भन्ने उत्तरदातहरु पाइयो ।

**शिक्षकको पेशागत सीप**

शिक्षकहरुमा पेशागत सीप हुनु नितान्त आवश्यक छ । शिक्षकहरुमा कक्षाकोठा व्यवस्थापन, बालबालिकाको रुचि र क्षमता अनुसार शिक्षण, शैक्षिक सामग्री निर्माण आदिको सीप हुनु अनिवार्य रहेको हुन्छ । जसले शिक्षण कार्यलाई प्रभावकारी र उद्देश्यमूलक बनाउँदछ । सीपको अभावमा शिक्षण कार्य सफल हुन सक्दैन । यसरी शिक्षकका पेशागत सीप अन्तर्गत कक्षाकोठा व्यवस्थापन सीप उत्तम भन्नेमा २४ प्रतिशत, मध्यम भन्नेमा ७६ प्रतिशत पाइयो । त्यसैगरी शिक्षकको शिक्षण गर्दा बालबालिकाको रुचि र क्षमता अनुसारको शिक्षण सीप उत्तम भन्नेमा २८ प्रतिशत मध्यम भन्नेमा ७२ प्रतिशत रहेको पाइयो । शैक्षिक सामग्रीको प्रयोगको सीप उत्तम भन्नेमा २४ प्रतिशत मध्यम भन्नेमा २० प्रतिशत र निम्न भन्नेमा ५६ प्रतिशत उत्तरदाताहरु रहेको पाइयो । शैक्षिक सामग्री निर्माणको सीप उत्तम भन्नेमा ३२ प्रतिशत, मध्यम भन्नेमा ४० प्रतिश र निम्न भन्नेमा २८ प्रतिशत रहेको पाइयो । यसरी माथिको प्रतिशतको आधारमा शिक्षकहरुको पेशागत सीपको विश्लेषण गर्दा मध्यम खालको रहेको पाइयो ।

**शिक्षकका पेशागत प्रवृत्ति**

शिक्षकहरुका बानी व्यवहारसँग सम्बन्धित पक्ष प्रवृत्ति हो । एउटा असल शिक्षक हुनका लागि उसको प्रवृत्तिले महत्वपूर्ण भूमिका खेल्दछ । जब शिक्षकको पेशागत प्रवृत्तिको कुरा आउँछ त्यहाँ उसको अनुशासन, उपस्थिति, बालबालिकाहरुसँगको व्यवहार, निरन्तर अभ्यास, जिम्मेवारी आदिलाई महत्वपूर्ण पक्षको रुपमा लिइन्छ । यसरी शिक्षकका पेशागत प्रवृत्ति अन्तर्गत अनुशासन के कस्तो रहेको छ भन्ने बारेमा सोधिएको प्रश्नमा उत्तम भन्नेमा ६० प्रतिशत मध्यम भन्ने २८ प्रतिशत र निम्न भन्नेमा १२

प्रतिशत उत्तरदाताहरुले प्रतिक्रिया व्यक्त गरेको थिए । त्यसैगरी अध्ययनशील र जिज्ञाशु अन्तर्गत उत्तम भन्नेमा २४ प्रतिशत मध्यम मध्यम भन्नेमा ५२ प्रतिशत र निम्न भन्नेमा २४ प्रतिशत रहेको पाइयो । त्यसैगरी निरन्तर अभ्यास उत्तम भन्नेमा २८ प्रतिशत, मध्यम भन्नेमा ५२ प्रतिशत र निम्न भन्नेमा २० प्रतिशत उत्तरदाताहरुको प्रतिक्रिया रहेको पाइयो । उपस्थितिलाई हेर्दा उत्तममा २८ प्रतिशत, मध्यममा ५२ प्रतिशत र निम्नमा २० प्रतिशत रहेको शिक्षकको दैनिक हाजिरी उपस्थिति रेकर्डले देखाएको पककाइयो । त्यसैगरी बालबालिकाहरुसँगको व्यवहारमा शिक्षकहरुको प्रवृत्ति के कस्तो रहेको छ भन्ने प्रश्नको उत्तरमा उत्तम भन्नेमा ४० प्रतिशत मध्यम भन्नेमा ५२ प्रतिशत र निम्न भन्नेमा ८ प्रतिशतले प्रतिक्रिया दिए । यसरी माथिको प्रतिशतको विश्लेषणको आधारमा शिक्षकहरुको पेशागत प्रवृत्ति मध्यम खालको रहेको पाइयो ।

### ४.१.२ शिक्षकको पेशागत दक्षताका सम्बन्धमा विद्यार्थीहरुबाट प्राप्त प्रतिक्रिया

शिक्षकहरुको पेशा अत्यन्त महत्वपूर्ण पेशा हो । शिक्षकले शिक्षण कार्यलाई सफल बनाउने महत्वपूर्ण कुरा उसको पेशागत दक्षता नै हो । शिक्षण कार्य शुरु गर्नुभन्दा पहिले देखि लिएर शिक्षण कार्य समाप्त नहुञ्जेलसम्म शिक्षक के गर्ने, कसरी राम्रो शिक्षण गर्ने विषयवस्तुमा कसरी प्रवेश गर्ने, विद्यार्थीहरुलाई सहभागीता कसरी गराउने, आदि सबै कार्य गर्दा उसमा शिक्षण सीपको आवश्यकता पर्दछ । जसका लागि पेशागत रुपमा दक्ष हुनु नितान्त आवश्यक छ र अनिवार्य पनि छ ।

यसरी शिक्षकहरुमा आफूमा भएका पेशागत दक्षताको कार्यान्वयन गर्ने स्थल भनेको विद्यालय र त्यहाँ अध्ययनरत विद्यार्थीहरु हुन् । त्यसैले अनुसन्धानकर्ताले छनोटमा परेका विद्यालयमा गई त्यहाँ अध्ययनरत विद्यार्थीहरुसँग सम्बन्ध कायम गरी असंरचित अन्तर्वार्ता लिइएको थियो । अन्तर्वार्ता लिँदा विद्यार्थीहरुको स्तर , कोमल मस्तिस्क र उमेरलाई ख्याल राख्दै शिक्षकका पेशागत गुणहरुका सम्बन्धमा २० जना विद्यार्थीहरुबाट प्राप्त प्रतिक्रियालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.५**

**शिक्षकका पेशागत दक्षता सम्बन्धमा विद्यार्थीहरुबाट प्राप्त प्रतिक्रिया**

| विवरण | प्रतिक्रिया | संख्या |
|---|---|---|
| विषयवस्तुको प्रस्तुतिकरण | उत्तम | १५ (७५ %) |
| | मध्यम | ५ (२५%) |
| | निम्न | |
| शिक्षकको भाषा | स्पष्ट वुझिने | १२ (६०%) |
| | अलिअलि वुभिने | ८ (४०%) |
| | अस्पष्ट | |
| शिक्षकहरुले विद्यार्थीसँग गर्ने व्यवहार | राम्रो | १६ (८०%) |
| | सामान्य | ४ (२०%) |
| शिक्षण सम्बन्धमा | रुचि अनुसार | ११ (५५%) |
| | रुचिलाई ख्याल नगरी | ९ (४५%) |
| पढ्नलाई प्रेरित गर्ने सम्बन्धमा | पुरस्कार दिने | ४ (२०%) |
| | पुरस्कार नदिने | १६ (८०%) |
| शैक्षिक सामग्रीको प्रयोगको सम्बन्धमा | सँधै | |
| | कहिलेकाहीँ | ५ (२५%) |
| | नगरेको | १५ (७५%) |
| शिक्षकको उपस्थिति | दैनिक | १५ (७५%) |
| | कहिलेकाही | ५ (२५%) |
| | अनुपस्थित | |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

माथिको तालिका अनुसार शिक्षकले कक्षाकोठामा विषयवस्तुको प्रस्तुतिकरण सम्बन्धमा विद्यार्थीहरुको प्रतिक्रिया लिंदा ७५ प्रतिशतले उत्तम र २५ प्रतिशतले मध्यम किसिमले प्रस्तुतिकरण हुने बताए भने निम्न प्रस्तुतिकरणको प्रतिक्रिया कसैले पनि दिएनन् ।

त्यसै गरी शिक्षकले प्रयोग गर्ने भाषा सम्बन्धमा गरिएको प्रश्नमा ६० प्रतिशतले स्पष्ट वुझिने र ४० प्रतिशत अलिअलि बुझिने प्रतिक्रिया दिएको पाइयो । यसबाट समग्रमा शिक्षको भाषा राम्रो स्पष्ट रहेको पाइयो ।

शिक्षकले विद्यार्थीसँग गर्ने व्यवहार सम्बन्धमा विद्यार्थीको राय लिंदा ८० प्रतिशतले राम्रो व्यवहार र २० प्रतिशतले सामान्य व्यवहार गर्ने गरेको प्रतिक्रिया दिए जसमा राम्रो व्यवहार गर्नेको प्रतिशत बढी छ जसबाट शिक्षकहरुले विद्यार्थीहरुसँग राम्रो व्यवहार गर्छन भन्ने स्पष्ट हुन्छ ।

शिक्षकको शिक्षण सम्बन्धमा विद्यार्थीसँग गरिएको प्रश्नमा ५५ प्रतिशत विद्यार्थीहरुले रुचि अनुसार शिक्षण गर्दछन् भन्ने. प्रतिक्रिया व्यक्त गरेको पाइयो भने ४५ प्रतिशतले रुचिलाई ख्याल नगरी

शिक्षण गर्ने प्रतिक्रिया दिए साथै शिक्षकले विद्यार्थीहरुलाई पढ्नलाई कसरी प्रेरित गर्दछन् भन्ने प्रश्नमा पुरस्कार दिनेमा २० प्रतिशत र नदिनेमा ८० प्रतिशत विद्यार्थीहरुले प्रतिक्रिया दिए ।

शिक्षकले शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग गरे नगरेको सम्बन्धमा विद्यार्थीसँग सोधिएको प्रश्नमा सँधै प्रयोग गरेकोमा कसैले पनि प्रतिक्रिया दिएनन्, कहिलेकाहीं प्रयोग गरेकोमा २५ प्रतिशत र नगरेकोमा ७५ प्रतिशत विद्यार्थीले प्रतिक्रिया दिए । यसबाट के प्रष्ट हुन्छ भने शिक्षकले कहिलेकाहीँ मात्र शैक्षिक सामग्रीको प्रयोग गर्ने गरेको र अधिकांश शिक्षकहरुले शैक्षिक सामग्री प्रयोग नै नगरेको प्रष्ट हुन्छ । यसैगरी शिक्षकको उपस्थितिको बारेमा सोधिएको प्रश्नमा ७५ प्रतिशतले दिनहुँ आउने र २५ प्रतिशतले कहिलेकाहीँ मात्र आउनेमा प्रतिक्रिया व्यक्त गरे भने अनुपस्थित हुने भन्नेमा कसैको पनि प्रतिक्रिया रहेन । यसबाट के प्रष्ट हुन्छ भने शिक्षकहरु निरन्तर विद्यालय आउने गरेको पाइयो ।

यसरी विद्यार्थीहरुबाट प्राप्त प्रतिक्रियाको समग्र विश्लेषण गर्दा शिक्षकको पेशागत दक्षताको स्थिति निम्नानुराको रहेको पाइयो ।

**ज्ञान - मध्यम**

**सीप - मध्यम**

**प्रवृत्ति - मध्यम**

### ४.१.३ शिक्षकका पेशागत दक्षता सम्बन्धी कक्षा अवलोकनबाट प्राप्त प्रतिक्रिया

यस अध्ययनको क्रममा प्राथमिक तहका शिक्षकका पेशागत दक्षताको स्थिति सम्बन्धमा तथ्याङ्क संकलनको क्रममा अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रमा उपस्थित भई नमूना छनोटमा परेका विद्यालयका शिक्षकहरुमध्ये जम्मा ८ जना शिक्षकको कक्षा अवलोकन गरिएको थियो । उक्त कक्षा अवलोकन बाट प्राप्त तथ्याङ्कहरुलाई तालिका ४.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.६**

| विवरण | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|
| ज्ञान | | | |
| विषवस्तुको ज्ञान | ४ | ४ | - |
| बालमनोविज्ञानको ज्ञान | - | ३ | ५ |
| शिक्षण पद्धतिको ज्ञान | २ | ३ | ३ |
| सीप | | | |
| कक्षा व्यवस्थापन | २ | ६ | - |
| बालबालिकाको रुचि क्षमता अनुसारको कक्षा शिक्षण | १ | ७ | - |
| शैक्षिक सामग्रीको प्रयोगको सीप | - | ६ | २ |
| शैक्षिक सामग्री निर्माणको सीप | १ | ३ | ४ |
| प्रवृत्ति | | | |
| अनुशासन | ५ | ३ | - |
| अध्ययनशील र जिज्ञाशु | - | ४ | ४ |
| निरन्तर अभ्यास | २ | ३ | ३ |
| उपस्थिति | ६ | २ | - |
| बालबालिकाहरुसँगको व्यवहार | ३ | ५ | - |

*स्थलगत सर्वेक्षण २०६९*

माथिको तालिकामा उल्लेख भए अनुसार नमूना छनोटमा परेका विद्यालयका जम्मा शिक्षकहरु मध्ये ८ जना शिक्षकको कक्षा अवलोकन गरिएको थियो । उक्त कक्षा अवलोकनको क्रममा शिक्षकको पेशागत दक्षता (ज्ञान, सीप र प्रवृत्ति) अन्तर्गत रही कक्षा अवलोकन फारम निर्माण गरिएको थियो । उक्त अवलोकन फारमको आधारमा शिक्षकको पेशागत दक्षताको कक्षा अवलोकन गरिएको थियो । जसको व्याख्या निम्नानुसार गरिएको छ ।

**ज्ञान :**

शिक्षक पेशागत रुपमा दक्ष हुनका लागि उसमा शैक्षिक ज्ञान हुन अत्यन्त जरुरी छ । कक्षा अवलोकनको क्रममा ज्ञान अन्तर्गत रही शिक्षकको पेशागत दक्षताको अवलोकन गरिएको थियो । यस अन्तर्गत विषयवस्तुको ज्ञानमा ४ जना शिक्षकको उच्च किसिमको रहेको पाइयो भने ४ जना शिक्षकको मध्यम किसिमको ज्ञान रहेको पाइयो । त्यसैगरी बालमनोविज्ञानको ज्ञानमा ३ जनाको मध्यम र ५ जनाको निम्न किसिमको ज्ञान रहेको पाइयो र शिक्षण पद्धतिको ज्ञान अन्तर्गत २ जनाको उच्च, ३

जनाको मध्यम र ३ जनाको निम्न किसिमको ज्ञान रहेको पाइयो । यसरी माथिको विश्लेषणको आधारमा शिक्षकहरुको पेशागत ज्ञान मध्यम किसिमको रहेको पाइयो ।

**सीप**

प्राथमिक तहका शिक्षकका पेशागत दक्षतामा सीप अन्तर्गत रही शिक्षकको कक्षा अवलोकन गरिएको थियो जसमा कक्षा व्यवस्थापन सीप २ जना शिक्षकमा उत्तम रहेको पाइयो र ६ जना शिक्षकहरुमा मध्यम किसिमको सीप रहेको पाइयो । त्यसैगरी बालबालिकाहरुको रुचि र क्षमता अनुसार कक्षा शिक्षण सीप अन्तर्गत १ जना शिक्षकको उत्तम र ७ जना शिक्षकको मध्यम किसिमको सीप रहेको पाइयो । शैक्षिक सामग्रीको प्रयोगको सीप अन्तर्गत ६ जना शिक्षकमा मध्यम र २ जना शिक्षकमा निम्न किसिमका सीप रहेको पाइयो र शैक्षिक सामग्रीको निर्माणको सीप अन्तर्गत १ जनामा उत्तम , ३ जनामा मध्यम र ४ जनामा निम्न किसिमको सीप रहेको पाइयो ।

यसरी माथिको सीपहरुको विश्लेषणबाट के स्पष्ट हुन्छ भने अधिकांश शिक्षकहरुमा मध्यम किसिमको सीप रहेको पाइयो ।

**प्रवृत्ति**

शिक्षकका बानी, व्यवहार र आचरणसँग सम्बन्धित पक्ष प्रवृत्ति हो । असल प्रवृत्तिको विकासले गर्दा शिक्षकलाई शिक्षण गर्न र पेशागत रुपमा दक्ष तुल्याउन सघाउ पुर्‍याउँछ । शिक्षकको पेशागत दक्षताका लागि प्रवृत्ति अन्तर्गत रही शिक्षकको कक्षा अवलोकन गरिएको थियो जसमा अनुशासन सम्बन्धी अवलोकनमा ५ जना शिक्षकको उत्तम र ३ जना शिक्षकको प्रवृत्ति मध्यम रहेको पाइयो । त्यसैगरी अध्ययनशील र जिज्ञाशु अन्तर्गत ४ जना शिक्षकको मध्यम र ४ जनाको निम्न किसिमको प्रवृत्ति रहेको पाइयो । निरन्तर अभ्यासमा २ जना शिक्षकको उच्च किसिमको ३ जनाको मध्यम र ३ जना शिक्षकको निम्न किसिमको प्रवृत्ति रहेको पाइयो । शिक्षकको विद्यालय उपस्थिति अन्तर्गत ६ जनाको उत्तम किसिमको र २ जनाको मध्यम किसिमको उपस्थिति रहेको पाइयो । यसरी हेर्दा सबै शिक्षकहरु समयमै र नियमित रुपमा विद्यालयमा उपस्थित हुने गरेको पाइयो । बालबालिकाहरुसँगको व्यवहार सम्बन्धमा ३ जना शिक्षकको उत्तम र ५ जना शिक्षकको मध्यम किसिमको प्रवृत्ति रहेको पाइयो  तर निम्न प्रवृत्ति कुनै शिक्षकमा पनि पाइएन ।

यसरी शिक्षकमा प्रवृत्ति सम्बन्धमा विश्लेषण गर्दा अधिकांश शिक्षकहरुको कक्षा अवलोकनको आधारमा मध्यम किसिमको रहेको पाइयो ।

### ४.२. शिक्षकहरुले पेशा अवलम्वनमा भोगेका समस्याहरु

यस अध्ययन अन्तर्गत शिक्षकले पेशा अवलम्वन गर्दा भोगेका समस्याहरुको सम्बन्धमा नमूना छनोटमा परेका विद्यालयमा अध्यापनरत शिक्षकहरुसँग अन्तर्वार्ता लिइएको थियो । यसरी अन्तर्वार्ताको

क्रममा शिक्षकहरुले पेशा अवलम्वन गर्दा भोग्नु परेका समस्याहरु सम्बन्धमा प्राप्त तथ्याङ्कहरु निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका ४.७**

**शिक्षकहरुले पेशा अबलम्वनमा भोगेका समस्याहरु**

| विवरण | प्रतिक्रिया | संख्या |
|---|---|---|
| शिक्षक निर्देशिका र स्रोत सामग्रीको उपलब्धता सम्बन्धमा | पर्याप्त | |
| | कम | ३ |
| | नभएको | ५ |
| स्वाध्ययन सामग्री उपलब्धता सम्बन्धमा | पर्याप्त | - |
| | कम | ४ |
| | नभएको | ४ |
| तालिम सम्बन्धी | बेलाबेलामा | ५ |
| | वर्षमा एकचोटी | २ |
| | तालिमै नभएको | १ |
| तलब सम्बन्धी | सन्तुष्ट | - |
| | असन्तुष्ट | ८ |
| शैक्षिक सामग्रीको उपलब्धता सम्बन्धमा | आवश्यक मात्रामा उपलब्ध | ३ |
| | अपर्याप्त | ५ |
| प्र.अ., स्रोतव्यक्ति, वि.व्य.स. र स्थानीय सदस्यबाट प्राप्त सहयोग सम्बन्धमा | धेरै | - |
| | सामान्य | ५ |
| | सहयोग नभएको | ३ |
| अन्य कार्यहरुमा सहभागी हुने अवसर सम्बन्धमा | सहभागी भइन्छ | २ |
| | कम सहभागी भइन्छ | २ |
| | सहभागी भइँदैन | ४ |

*स्रोत : स्थलगत सर्वेक्षण २०६९*

माथिको तालिकालाई विश्लेषण गर्दा शिक्षकहरुका पेशा अवलम्वनमा देखिएका समस्याहरु निम्नानुसार रहेको पाइयो ।

शिक्षकले पेशा अवलम्वन गर्दा शिक्षक निर्देशिका र स्रोत सामग्रीको उपलब्धता सम्बन्धमा के कस्तो समस्या रहेको छ भन्ने सन्दर्भमा पर्याप्त मात्रामा उपलब्ध हुन्छन् भन्नेमा कसैले पनि प्रतिक्रिया दिएनन्, कम मात्रामा उपलब्ध हुन्छन् भन्नेमा ३ जनाले प्रतिक्रिया दिए भने शिक्षक निर्देशिका र स्रोत सामग्री उपलब्धता नभएकोमा ५ जना शिक्षकले प्रतिक्रिया दिए । यसकारण माथि उल्लेखित प्रतिक्रियाका आधारमा शिक्षकलाई पेशा अवलम्वनमा समस्या रहेको देखियो ।

त्यसैगरी शिक्षकहरुलाई स्वाध्ययन सामग्रीको उपलब्धता के कस्तो छ भन्ने बारेमा शिक्षकहरुको प्रतिक्रिया बुझ्दा पर्याप्त भन्नेमा कुनै पनि शिक्षकले प्रतिक्रिया दिएनन् भने कम मात्रामा उपलब्ध हुन्छन् भन्नेमा ४ जना शिक्षकले प्रतिक्रिया दिए भने ४ जना शिक्षकले स्वाध्ययन सामग्री उपलब्ध नभएको

प्रतिक्रिया दिइएको पाइयो । यसरी माथिका भनाईहरुको आधारमा शिक्षकहरुमा स्वाध्ययन सामग्रीको समस्या रहेको देखिन्छ ।

शिक्षकहरुलाई तालिम सम्बन्धी के कस्तो व्यवस्था गरिएको छ र तपाईहरु कति कति समयमा तालिम पाउनु हुन्छ भन्ने प्रश्नमा प्रतिक्रिया लिँदा ५ जना शिक्षकले बेलाबेलामा २ जना शिक्षकले वर्षमा १ चोटी र १ जनाले तालिम नै प्राप्त नगरेको प्रतिक्रिया व्यक्त गरे ।

शिक्षकहरुले पेशा अवलम्वन गर्दा तलबसम्बन्धी समस्या रहेको बाए । प्राथमिक तहका शिक्षकहरु आफ्नो तलब सम्बन्धमा असन्तुष्ट रहेको पाइयो । उनीहरुलाई तपाई आफ्नो तलबमा कतिको सन्तुष्ट हुनुहुन्छ भन्ने प्रश्नमा प्रतिक्रया लिँदा सन्तुष्ट रहेको भन्ने कोही पनि पाइएन भने सबै शिक्षकले तलबमानमा असन्तुष्ट रहेको धारणा व्यक्त गरे । यसबाट के स्पष्ट हुन्छ भने सम्पूर्ण प्राथमिक शिक्षकहरुको तलबले निम्नतम आवश्यकता पनि पूरा गर्न नसकिएकाले तलबमा सन्तुष्ट नरहेको पाइयो ।

शैक्षिक सामग्रीको उपलब्धता सम्बन्धमा शिक्षकहरुसँग राखेको प्रश्नमा आवश्यक मात्रामा उपलब्ध हुन्छ भन्ने प्रतिक्रियामा ३ जनाले सहमत जनाए भने ५ जनाले शैक्षिक सामग्रीको अपर्याप्त रहेको प्रतिक्रिया दिए । यस कारण अधिकांश शिक्षकहरुको प्रतिक्रियाको आधारमा शैक्षिक सामग्रीको अभाव रहेको देखिएको हुनाले समस्या रहेको पाइयो ।

त्यसैगरी शिक्षकहरुलाई प्र.अ., स्रोतव्यक्ति, व्यवस्थापन समिति र स्थानीय सदस्यहरुबाट के कस्ता सहयोग प्राप्त गर्नुभएको छ भन्ने प्रतिक्रियामा धेरै सहयोगमा कुनै पनि शिक्षकले प्रतिक्रिया दिएनन् भने सामान्य सहयोगमा ५ जना र ३ जनाले सहयोग नभएको भनी प्रतिक्रिया दिए । यसबाट के विश्लेषण गर्न सकिन्छ भने प्राथमिक तहको विद्यालय रेखदेख गर्न पूर्ण अधिकार पाएका जिम्मेवार व्यक्तिहरुबाट नै शिक्षकको पेशा अवलम्वनमा समस्या देखिएको छ ।

यसरी अन्तमा शिक्षकहरुलाई विद्यालय भन्दा अन्य कुन कुन कार्यमा सहभागी हुने अवसर पाइन्छ भन्ने प्रश्नको उत्तरमा अधिकांश शिक्षकले सहभागी भइँदैन भन्ने प्रतिक्रिया दिएको हुनाले प्राय शिक्षकहरु विद्यालय भन्दा अन्य अवसरहरुमा सहभागी नभएको पाइयो ।

यसरी माथि प्राप्त तथ्याङ्कको आधारमा शिक्षकका पेशा अवलम्वनमा देखिएका समस्याहरुमा निम्न स्रोत र साधनको उपलब्धता, सम्बन्धित सरोकारवालाहरुले उपयुक्त स्तरमा चासो नदिनु, शिक्षकहरुलाई बेलाबेलामा Refreshing Training को अभाव र शिक्षण पेशालाई स्पष्ट रुपमा नबुझ्नु जस्ता कारणहरुले गर्दा शिक्षकहरु पेशागत रुपमा दक्षता सम्बन्धी पेशा अवलम्वनमा समस्या रहेको पाइयो ।

**शिक्षकका पेशा अवलम्वनमा भोगेका समस्याहरु समाधानका लागि अपनाउनु पर्ने उपायहरु**

प्राथमिक तहमा कार्यरत शिक्षकका पेशागत ज्ञान, सीप र प्रवृत्तिको निरतर विकास गर्दै शिक्षा क्षेत्रमा योगदान पुऱ्याउनु नै शिक्षकहरुको पेशागत समस्याहरुको समाधानको उपाय हो । यसरी शिक्षकका पेशागत दक्षताको विकासका लागि के कस्ता उपयाहरु अवलम्वन गर्न सकिन्छ भन्ने कुराहरुको सन्दर्भमा शिक्षक प्रधानाध्यापक, स्रोतव्यक्तिहरुसँग समूहगत छलफल गरिएिको थियो । यसरी समूहगत छलफलको क्रममा शिक्षकका पेशागत दक्षताको विकासका लागि अपनाउनु पर्ने उपायहरुमध्ये निम्न उपायहरुमा विशेष ध्यान दिनु पर्दछ भन्ने निष्कर्ष प्राप्त भयो ।

**पाठ्यक्रममा सुधार**

राष्ट्रिय स्तरमा निरपेक्ष तरिकाले निर्माण गरिएको सबै ठाउँ र परिस्थितिका लागि उत्तिकै उपलब्धिमूलक हुन नसक्ने भएकोले देश, समय, भौगोलिक स्थिति र परिस्थितिको वस्तुनिष्ट मूल्याङ्कन गर्दै उपलब्ध साधन स्रोत र शिक्षकले कार्यान्वयन गर्न सक्ने क्षमता सित सामाञ्जस्य कायम गर्दै पाठ्यक्रम निरन्तर रुपमा सुधार गर्नुपर्ने देखियो ।

**प्रभावकारी तालिम**

शिक्षकलाई दिने तालिमको प्रभावकारीतामा बृद्धि गर्दै स्थानीय स्तरका समस्याहरुको सहज र सरल तरिकाले समाधान गर्नका लागि शिक्षकलाई समय समयमा पुनर्ताजगी (Refreshing Training) को व्यवस्था गर्नु पर्ने देखियो ।

**प्राथमिक शिक्षा सम्बन्धी चेतना**

प्राथमिक शिक्षा विकासको आवश्यकता र यसको महत्वबारेमा स्थानीय स्तरमा सामाजिक सचेतना कार्यक्रमहरुबाट प्राथमिक विद्यालयमा र शिक्षकहरु प्रति सर्वसाधारणहरुको सकारात्मक धारणाको विकास गर्दै शिक्षकको सामाजिक पहिचान तथा सम्मानको विकासबाट पनि प्राथमिक शिक्षाका पेशा अवलम्वनमा देभखिएका समस्याहरु केही हदसम्म समाधान गर्न सकिने निष्कर्ष निकाल्न सकिन्छ ।

**निरीक्षण र अनुगमनको अवस्था**

प्राथमिक शिक्षकका पेशा अवलम्वनमा देखिएका समस्याहरुको समाधानका लागि विद्यालसँग आवद्ध विभिन्न पक्षहरुबाट वा निकायहरुबाट निरन्तर निरीक्षण, अनुगमन, सुपरिवेक्षण र पृष्ठपोषणको व्यवस्था गरिनुपर्ने कुराको आवश्यकता देखियो ।

**शैक्षिक सामग्रीको व्यवस्था**

शिक्षकहरुलाई शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउनका लागि विषयवस्तुसँग सम्बन्धित शैक्षिक सागग्रीहरुको व्यवथा गरिनुपर्ने, विषयगत र सान्दर्भिक शैक्षिक सामग्रीको व्यवस्थापन गरिनु पर्ने आवश्यकता देखियो ।

**शिक्षकहरुका सेवासुविधामा बृद्धि र पेशागत सुरक्षाको प्रत्याभूति**

शिक्षकहरुलाई बढी भन्दा बढी समय आफनो पेशाका लागि दिनसक्ने वातावरण निर्माण गर्दै उनीहरुको सेवा सुविधामा बृद्धि गर्नुपर्ने देखियो । साथै शिक्षकहरुलाई पेशागत सुरक्षाको प्रत्याभूतिको सुनिश्चितता गरिनु पर्ने देखिन्छ ।

**भौतिक सुविधाको व्यवस्था**

प्राथमिक तहमा उपलब्ध भौतिक सुविधाहरुको सुधारबाट पनि शिक्षकहरुमा पेशाप्रति सकारात्मक धारणाको विकास हुनुका साथै आफ्नो कार्यस्थलमा कार्य सम्पादनमा सहजता ल्याउने र कार्य सम्पादनको गुणस्तर बढाउने भएकाले आवश्यक भौतिक  सुविधाहरुको व्यवस्था द्वारा पनि पेशा अवलम्वनमा देखिएका समस्याहरु केहीहदसम्म समाधान हुने देखियो ।

यसरी माथि उल्लेख गरिएका बुँदाहरुमा जोड दिई प्रभाकारी रुपमा कार्यान्वयनमा जोड दिइयो भने शिक्षकहरुका पेशागत रुपमा देखिएका समस्याहरु केही हदसम्म कम गर्न सकिने देखिन्छ ।

## परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

प्राथमिक तहका शिक्षकहरुको पेशागत दक्षताको स्थिति पहिचान गर्न उदयपुर जिल्लाको बाराहा गा.वि.स. अन्तर्गत ४ वटा प्राथमिक विद्यालयका शिक्षकका पेशागत दक्षताको स्थिति र पेशा अवलम्वनमा देखिएका समस्याहरु पहिचान गर्ने उद्देश्यले यो अध्ययन गरिको थियो । यो अनुसन्धान कार्य मूलतः २ ओटा उद्देश्यहरु (प्राथमिक तहका शिक्षकहरुको पेशागत दक्षताको स्थिति पहिचान गर्नु र प्राथमिक तहका शिक्षकहरुले पेशागत रुपमा भोगेका समस्याहरु पत्ता लगाउनु) मा केन्द्रित रही अध्ययन गरिएको थियो जसको प्राप्ति, निष्कर्ष र सुझाव निम्न अनुसार प्रस्तुत गरिएको छ :

### ५.१ प्राप्ति

यस अध्ययनको क्रममा विभिन्न साधनहरुको प्रयोग गरी प्राप्त गरिएका सूचना तथा तथ्याङ्कको विश्लेषण र व्याख्याको आधारमा निम्नानुसारका प्राप्तिहरु प्राप्त भएका छन् ।

### ५.१.१ शिक्षकहरुको पेशागत दक्षताको स्थितिको प्राप्ति

**ज्ञानको अवस्था**

- प्राथमिक तहका शिक्षकहरुमा पेशागत दक्षताको स्थिति भित्र ज्ञानको अवस्था अन्तर्गत विषयवस्तुको ज्ञानको सम्बन्धमा प्रतिक्रिया बुझ्दा उत्तममा २८ प्रतिशतले प्रतिक्रिया दिए भने मध्यममा ७२ प्रतिशतले प्रतिक्रिया दिए । यसबाट के भन्न सकिन्छ भने शिक्षकहरुमा ज्ञानको अवस्था मध्यम किसिमको रहेको पाइयो ।
- बालमनोविज्ञानको ज्ञानमा उत्तरदाताहरुको प्रतिक्रिया बुझ्दा उत्तम भन्नेमा ३२ प्रतिशत मध्यम भन्नेमा ५२ प्रतिशत र निम्न भन्नेमा १६ प्रतिशत उत्तरदाताहरु रहेको पाइयो । यसबाट के प्रष्ट भयो भने शिक्षकहरुमा बालमनोविज्ञानको ज्ञान मध्यम किसिमको रहेको पाइयो ।
- त्यसैगरी शिक्षकहरुमा शिक्षणपद्धतिको ज्ञानको अवस्था अन्तर्गत उत्तम भन्नेमा ४८ प्रतिशत, मध्यम भन्नेमा ४८ प्रतिशत र निम्न भन्नेमा ४ प्रतिशतको प्रतिक्रिया प्राप्त भयो । यसबाट के स्पष्ट हुन्छ भने शिक्षकहरुमा शिक्षण पद्धतिको ज्ञान पनि मध्यम किसिमको नै रहेको पाइयो ।

**सीपको अवस्था**

- शिक्षकहरुको शिक्षण सीपको अवस्था अन्तर्गत कक्षा व्यवस्थापन सीप उत्तममा २४ प्रतिशत, मध्यममा ७६ प्रतिशत उत्तरदाताले प्रतिक्रिया दिएको पाइयो ।

- बालबालिकाहरुको रुचि र क्षमता अनुसारको कक्षा शिक्षण सीप उत्तममा २८ प्रतिशत र मध्यममा ७२ प्रतिशत उत्तरदाताले प्रतिक्रिया दिएको पाइयो ।
- शैक्षिक सामग्री निर्माण र प्रयोगको सीप अन्तर्गत लिइएको प्रतिक्रियामा २४ प्रतिशतले उत्तम २० प्रतिशतले मध्यम र ५६ प्रतिशतले निम्न रहेको प्रतिक्रिया दिए जसबाट के प्रष्ट हुन्छ भने शैक्षिक सामग्रीको निर्माण र प्रयोगको सीप शिक्षकहरुका निम्न स्तरको रहेको पाइयो ।

**प्रवृत्तिको अवस्था**

प्राथमिक तहका शिक्षचकहरुमा पेशागत दक्षता कायम गराउने पक्ष प्रवृत्ति एक महत्वपूर्ण पक्ष हो । यसरी विद्यालयमा शिक्षकको प्रवृत्तिको अवस्था के कस्तो रहेको छ भन्ने बारेमा लिइएको प्रतिक्रियामा शिक्षकको अनुशासन उत्तम भन्नेमा ६० प्रतिशत, मध्यममा २८ प्रतिशत र निम्न भन्नेमा १२ प्रतिशत प्रतिक्रिया प्राप्त भयो । यसै गरी अध्ययनशील र जिज्ञाशुको अवस्था के कस्तो रहेको छ भन्नेमा २४ प्रतिशतले उत्तम ५२ प्रतिशतले मध्यम र २४ प्रतिशतले निम्न किसिमको रहेको बताए । त्यसैगरी निरन्तर अभ्यास सम्बन्धमा २८ प्रतिशतले उत्तम ५२ प्रतिशतले मध्यम र २० प्रतिशतले निम्न किसिमको प्रतिक्रिया व्यक्त गरेको पाइयो । अन्तमा प्रवृत्ति अन्तर्गत बालबालिकाहरुसँगको व्यवहार के कस्तो रहेको छ भन्ने प्रतिक्रिया बुझ्दा उत्तम भन्नेमा ४० प्रतिशत मध्यममा ५२ प्रतिशत र निम्नमा ८ प्रतिशतले प्रतिक्रिया दिएको पाइयो । यसरी शिक्षकमा प्रवृत्ति समग्रमा मध्यम किसिमको रहेको पाइयो ।

**५.१.२. शिक्षकले पेशा अबलम्वन गर्दा भोगेका समस्याहरु सम्वन्धी प्राप्ति**

प्राथमिक तहमा अध्यापनरत शिक्षकका पेशा अवलम्वन गर्दा भोग्नु परेका समस्याहरु सम्बन्धमा नमूना छनोटमा परेका विद्यालयका जम्मा शिक्षकहरु मध्ये ८ जना शिक्षकहरु सँग अन्तर्वार्ता लिइएको थियो । उक्त अन्तर्वार्ताबाट प्रतिक्रियाहरु निम्नानुसार रहेका छन् ।

- शिक्षक निर्देशिका र स्रोत सामग्रीको उपलब्धतामा समस्या रहेको पाइयो ।
- शिक्षकहरुलाई स्वाध्ययन सामग्रीहरुको उपलब्धतामा समस्या रहेको पाइयो ।
- शिक्षकहरुलाई दिइने तालिमको अभाव रहेको पाइयो ।
- शिक्षकहरु आफ्नो तलब स्केलमा सन्तुष्ट नभएको पाइयो ।
- कक्षा शिक्षण गर्दा पर्याप्त शैक्षिक सामग्रीको अभाव रहेको पाइयो ।
- शिक्षकहरु प्रायः विद्यालयीय कार्यहरु भन्दा अन्य कार्यहरुमा सहभागी नभएको पाइयो ।
- शिक्षकलाई प्र.अ. र स्रोतव्यक्तिबाट आवश्यक निर्देशन र परामर्श नभएको पाइयो ।
- त्यसैगरी विद्यालय व्यवस्थापन समिति र स्थानीयवासी अभिभावकहरुबाट पनि आवश्यक सहयोग उपलब्ध नभएको पाइयो ।

## ५.२. निष्कर्ष

प्राथमिक तहमा शिक्षकहरुको पेशागत दक्षताको स्थितिको अध्ययनबाट के देखिन्छ भने शिक्षकहरुमा पेशागत दक्षता (ज्ञान, सीप र प्रवृत्ति) मध्यम किसिमको रहेका छन् । प्राथमिक तहका शिक्षक जति ज्ञान, सीप र प्रवृत्तिले निपूर्ण हुनुपर्ने हो, त्यस किसिमको नभएको यस अध्ययनबाट प्रष्ट हुन्छ । यसरी शिक्षकमा उक्त गुणहरुमा कमी आउनको मुख्य कारणहरुमा शिक्षकहरु आफ्नो पेशाप्रति असन्तुष्टी रहेको निरन्तर अभ्यासको कमी, प्रभावकारी तालिमको अभाव, सरोकारावाल व्यक्तिहरुको निष्क्रियता मुख्य रुपमा रहेको पाइन्छ । जसले गर्दा शिक्षकहरुले समस्या भोग्नु परेको देखिन्छ । यसरी यी माथिका पक्षहरुलाई केलाउँदा निम्न निष्कर्षमा पुग्न सकिन्छ ।

- प्राथमिक तहका अधिकांश शिक्षकहरु प्रवेशिका परीक्षा मात्र उत्तीर्ण गरेका हुन्छन् , त्यसैले तिनीहरुलाई बेलाबेलामा शिक्षण सम्बन्धी तालिममा सहभागी गराउनु पर्ने कुरामा जोड दिएको पाइँदैन ।
- शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउनका लागि विषयवस्तुसँग सम्बन्धित पर्याप्त मात्रामा शैक्षिक सामग्रीहरुको व्यवस्था हुन सकेको छैन ।
- राष्ट्रिय स्तरमा निर्माण भएको पाठ्यक्रम देशभर लागू भएको अवस्थामा स्थानीय आवश्यकतालाई ख्याल नगरी पाठ्यक्रम कार्यान्वयन भएकाले शिक्षकलाई शिक्षण सिकाइमा बाधा आएको पाइयो ।
- शिक्षकहरुको पेशागत दक्षताको विकासको उचित व्यवस्था नभएकाले शिक्षकहरु पेशागत रुपमा कम सक्षम रहेको पाइयो ।
- प्राथमिक शिक्षा विकासको आवश्यकता र महत्व बारेमा स्थानीय स्तरमा जनचेतना नभएकाले प्राथमिक शिक्षा विकासमा समस्या आएको पाइयो ।
- शिक्षकहरुका पेशागत रुपमा देखिएका समस्याहरुको समाधानका लागि विद्यालयसँग आवद्ध निकायहरुको निरीक्षण र अनुगमन कार्यहरुको कमीले गर्दा शिक्षकहरुको पेशामा समस्या आएको हो ।
- शिक्षकहरुलाई आफ्नो सेवा, सुविधा र सामाजिक प्रतिष्ठाको कमीले गर्दा पेशागत दक्षता विकासमा समस्या आएको देखिन्छ ।

**५.३. सुझावहरु**

यस शोधकार्य प्राथमिक तहका शिक्षकहरुको पेशागत दक्षताको स्थिति अध्ययनको क्रममा प्राप्त सूचनाहरुको विश्लेषण र व्याख्याबाट उपलब्ध सूचनाहरुको आधारमा यसलाई प्रभावकारी बनाउन निम्न सुझावहरुलाई प्रस्तुत गरिएको छ ।

- शिक्षकहरुमा पेशागत दक्षता अभिवृद्धि गर्न र पेशा प्रति आकर्षित र सन्तुष्ट बनाउन उनीहरुलाई पेशागत सुरक्षाको प्रत्यभूति गराउनुका साथै सेवा सुविधामा बृद्धि गर्नु पर्ने देखिन्छ ।
- नेपाल सरकार शिक्षा मन्त्रालय र यस मातहतका विभिन्न निकायहरु, शैक्षिक क्षेत्रसँग प्रत्यक्ष र अप्रत्यक्ष रुपले सम्बन्धित रहेका विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्था आदिले प्राथमिक तहका नीति र कार्यक्रमहरुलाई देशभरी लागू गर्न प्रोत्साहन गर्नु पर्दछ ।
- शिक्षकहरुले पेशागत रुपमा भोगेका समस्याहरुको समाधान गर्नका लागि उनीहरुको सेवा सुविधामा बृद्धि गरी तालिम, शिक्षक निर्देशिका, स्वाध्ययन सामग्री आदि शैक्षिक सामग्रीको व्यवस्था गर्नु पर्दछ ।
- प्राथमिक तहका शिक्षकहरुमध्ये अधिकांश शिक्षकहरु एस.एल.सी. मात्र उत्तीर्ण भएकाले उनीहरुलाई बेलाबेलामा तालिमको व्यवस्था गर्नु पर्ने देखिन्छ ।
- जिल्ला शिक्षा कार्यालयले बेलाबेलामा आफ्नो जिल्ला भित्र भएका प्राथमिक विद्यालयमा अध्यापनरत शिक्षहरुको गतिविधिहरुको निरीक्षण गर्नुपर्ने देखिन्छ ।
- प्र.अ., स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरुबाट शिक्षकहरुलाई आफूबाट हुन सक्ने सक्दो सहयोग गर्नुपर्दछ र शिक्षकहरुलाई शिक्षणप्रति प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।
- प्राथमिक शिक्षाको आवश्यकता र महत्वको बारेमा जनचेतना कार्यक्रम सञ्चालन गरी प्राथमिक शिक्षाको गुणस्तरमा सुधार गर्नुपर्ने देखिन्छ ।
- शिक्षकलाई शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउन पर्याप्त मात्रामा शैक्षिक सामग्रीहरुको व्यवस्था गर्नु पर्ने देखिन्छ ।
- शिक्षकहरुमा भएको ज्ञान, सीप र प्रवृत्तिको अझ विकास गर्न उनीहरुलाई बेलाबेलामा तालिम, सेमिनार, गोष्ठी र शैक्षिक सम्मेलनमा भाग लिन अवसर प्रदान गर्नु पर्दछ ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, केशवराज र साथीहरू (२०६६), *शिक्षक अध्यापन अनुमतिपत्र परीक्षा दर्पण नि.मा.वि. तह,* काठमाडौं : पैरवी प्रकाशन ।

अधिकारी, विष्णुप्रसाद (२०६६), *शिक्षा सेवा प्राविधिक सहायक दर्पण,* काठमाडौं :आषिस पुस्तक भण्डार ।

खनाल, पेशल (२०६५), *शैक्षिक अनुसन्धान पद्धति,* सनलाइट प्रकाशन, कीर्तिपुर, काठमाडौं ।

खनाल, श्रीप्रसाद र मुडभरी नवराज(२०६१), *शैक्षिक अनुसन्धान पद्धतिको परिचय,* जुपिटर प्रकाशक तथा वितरण प्रा.लि., कीर्तिपुर ।

घिमिरे, निर्मलकुमार (२०६६) *शिक्षकका पेशागत विकासका नमूनाहरु* : एक विवेचनात्मक अध्ययन, शिक्षा पत्रिका

*नेपाल वृहत शब्दकोष* (२०५७), नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

पाण्डेय, यज्ञराज (२०६७), *प्राथमिक विद्यालयका शिक्षकहरुको पेशागत गुणहरुको अवस्थाको अध्ययन,* त्रि.वि., कीर्तिपुर, अप्रकाशित शोधपत्र ।

बस्नेत, नारायण (२०६५), *आर्दश शिक्षक कसरी बन्ने ?* (लेख पाठ्यक्रम तथा मूल्याङ्कन सम्प्रेषण) पाठ्यक्रम तथा मूल्याङ्कन विद्यार्थी समाज, पेज १८-१९ ।

सिन्हा, रामस्वरुप (२०६२), *शिक्षकको पेशागत तालिमको अवस्था,* शिक्षक शिक्षा, शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी भक्तपुर

शिक्षा मन्त्रालय (२०६७) *शिक्षा नियमावली,* काठमाडौं : नेपाल सरकार शिक्षा मन्त्रालय

शिक्षा मन्त्रालय (२०६६), *विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२),* काठमाडौं : लेखक ।

CERID (२०५२), *विकासको निम्ति शिक्षा* ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६६), TPD मोड्युल सामग्री (२०६६), शैजविके, सानोठिमी, भक्तपुर।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६६), *शिक्षाको समाजशास्त्रीय र दर्शन शास्त्रीय आधार,* पैरवी प्रकाशन, भोटाहिटी, काठमाडौं ।

शैक्षिक योजना (२०१०), *नेपाल सरकार शिक्षा मन्त्रालय,* काठमाडौं ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६६), *शिक्षकको पेशागत विकास कार्यान्वयन पुस्तिका (२०६६),* शैजविके, सानोठिमी, भक्तपुर।

*शिक्षक शिक्षा (२०६७),* शैजविके, सानोठिमी, भक्तपुर ।

श्रेष्ठ, हर्कप्रसाद (२०६७), *शिक्षाको पेशागत विकासको आधार,* शिक्षक शिक्षा २०६७, शैजविके, सानोठिमी, भक्तपुर, पेज ९०-९४।

Best, J.W. and Khan, J.V., (2008); *Research in Education*, New Delhi: Prentice Hall of India Pvt. Ltd.

Chaube, S.P. and Chaube, A. (1990*): Philosopihcal and Sociological Foundation of Education*, Agra: Vinod Pustak Mandir.

## अनुसूची २

## छनौटमा परेका विद्यालयका प्र.अ.हरुको नामावली

| क.स. | प्र.अ.को नाम थर | विद्यालयको नाम |
|---|---|---|
| १ | चन्देश्वर प्रसाद यादव | श्री महेन्द्र मा.वि. सिर्वानी बाराहा |
| २ | टंक बहादुर तामाङ्ग | श्री नि.मा.वि. तमारो रातमाटे |
| ३ | टेक बहादुर राउत | श्री वीरेन्द्र ज्योती नि.मा.वि.पिप्ले |
| ४ | चित्र बहादुर कार्की | श्री भानुभक्त प्रा.वि. राम्चे खर्क |

## अनुसूची ३

## छनौटमा परेका शिक्षकहरुको नामावली

| क.स. | शिक्षकको नाम | योग्यता | कार्यरत विद्यालय |
|---|---|---|---|
| १ | रत्न बहादुर कार्की | S.L.C. | श्री महेन्द्र मा.वि. सिर्वानी बाराहा |
| २ | अमृत बहादुर कार्की | I.A. | |
| ३ | केशरी माया मगर | I.Ed. | श्री नि.मा.वि. तमारो रातमाटे श्रीवानी |
| ४ | मान बहादुर वुढाथोकी | I.Ed. | |
| ५ | राजन राउत | B.Ed. | श्री वीरेन्द्र ज्योती नि.मा.वि. पिप्ले |
| ६ | अञ्जना कार्की | I.Ed. | |
| ७ | चिना कुमारी राउत | I.Ed. | श्री भानुभक्त प्रा.वि राम्चे खर्क |
| ८ | चित्र बहादुर कार्की | S.L.C. | |

## अनुसूची ४

## अभिभावकको नामावली

| क.स | अभिभावकको नाम | योग्यता | विद्यालयको नाम |
|---|---|---|---|
| १ | टीकाराम कार्की | S.L.C. | श्री महेन्द्र मा.वि.<br>सिर्वानी बाराहा |
| २ | टंक बहादुर मगर | ५ | |
| ३ | झनक बहादुर वि.क | I.A | |
| ४ | गोमा खत्री | साधारण | |
| ५ | जगत वहादुर खत्री | S.L.C. | |
| | | | |
| १ | सन्त बहादुर परियार | साधारण | श्री वीरेन्द्र ज्योती<br>नि.मा.वि पिप्ले |
| २ | जीत बहादुर मगर | ५ | |
| ३ | पर्वत कार्की | ८ | |
| ४ | हर्क वहादुर राई | S.L.C. | |
| ५ | भक्त वहादुर राउत | साधारण | |
| | | | |
| १ | शोभित मगर | साधारण | श्री नि.मा.वि.<br>तमारो रातमाटे |
| २ | रोहिन्द्र कार्की | साधारण | |
| ३ | एक बहादुर कार्की | ५ | |
| ४ | चित्र बहादुर तामाङ्ग | S.L.C. | |
| ५ | गंगा माया कार्की | साधारण | |
| | | | |
| १ | मिन बहादुर मगर | Test | श्री भानुभक्त प्रा.वि.<br>राम्चे खर्क |
| २ | अर्जुन परियार | साधारण | |
| ३ | पुष्पादेवी मगर | ८ | |
| ४ | तेज बहादुर कार्की | साधारण | |
| ५ | तुल बहादुर थापा | ५ | |

## अनुसूची ५

## छनौटमा परेका विद्यार्थीहरुको नामावली

| क.स | विद्यार्थीको नाम | कक्षा | विद्यालयको नाम |
|---|---|---|---|
| १ | केशव कार्की | | श्री महेन्द्र मा.वि. |
| २ | रमिला खत्री | | सिर्वानी बाराहा |
| ३ | गणेश मगर | | |
| ४ | कुल बहादुर मगर | | |
| ५ | राजन खत्री | | |
| | | | |
| १ | चेतन मगर | | श्री नि.मा.वि. |
| २ | प्रतिक्षा तामाङ्ग | | तमारो रातमाटे |
| ३ | धन कुमारी कार्की | | |
| ४ | रञ्जना कार्की | | |
| ५ | विशाल मगर | | |
| | | | |
| १ | रमेश राउत | | श्री वीरेन्द्र ज्योती |
| २ | सन्तोष परियार | | नि.मा.वि पिप्ले |
| ३ | धन बहादुर मगर | | |
| ४ | शारदा कार्की | | |
| ५ | विमल राई | | |
| | | | |
| १ | सरिता मगर | | श्री भानुभक्त प्रा.वि |
| २ | सन्त बहादुर कार्की | | राम्चे खर्क |
| ३ | सुमन मगर | | |
| ४ | प्रदिप मगर | | |
| ५ | कमला परियार | | |

## अनुसूची:६

## छनौटमा परेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु नामावली

| क.स | वि.व्य.स.अध्यक्षको नाम | योग्यता | विद्यालय |
|---|---|---|---|
| १ | मदन बहादुर खत्री | आई.एड्. | श्री महेन्द्र मा.वि. सिर्वानी बाराहा |
| २ | बल बहादुर मगर | ७ कक्षा | श्री नि.मा.वि. तमारो रातमाट |
| ३ | जीत बहादुर मगर | S.L.C. | श्री वीरेन्द्र ज्योती नि.मा.वि पिप्ले |
| ४ | मिन बहादुर मगर | S.L.C. | श्री भानुभक्त प्रा.वि राम्चे खर्क |

## अनुसूची ७

## विनि/स्रोत व्यक्तिको नामावली

| क.स | नाम | पद | योग्यता |
|---|---|---|---|
| १ | देवेन्द्र वहादुर मल्ल | ( विद्यालय निरीथक) | वी.एड्. |
| २ | पर्शुराम खड्का | (स्रोत व्यक्ति) | वी.एड्. |

## अनुसूची ८

## प्र.अ.का लागि असंरचित अन्तर्वार्ता निर्देशिका

विद्यालयको नाम : मिति :

प्र.अ.को नाम : शैक्षिक योग्यता

सेवा अवधि : अनुभव

१. तपाई यो विद्यालयमा प्र.अ. भई काम गर्नुभएको कति समय भयो ?

२. तपाईले शैक्षिक तालिम लिनु भएको छ ?

३. तपाईको विद्यालयमा कार्यरत प्रा.वि. तहका शिक्षकहरुको योग्यताको बारेमा कस्तो अवस्था छ ?

४. शिक्षकहरुले पेशागत दक्षता सम्बन्धी कस्ता तालिम लिएका छन् ?

५. शिक्षकहरुले तालिम लिएका छन् भने कस्ता खालका र छैन भने किन ?

६. पेशागत दक्षता सम्बन्धी शिक्षकले प्राप्त गरेको तालिम कक्षा कोठामा उपयोग भएको पाउनु भएको छ ? यदि छैन भने किन ?

७. शिक्षकहरुको शिक्षण क्रियाकलापमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था कस्तो पाउनु भएको छ ?

८. शिक्षण सिकाई क्रियाकलापमा के कस्ता शिक्षण विधिको प्रयोग हुने गरेको छ ?

९. शिक्षकहरु नियमित रुपमा विद्यालय आउन्छन् कि आउँदैनन् ?

१०) प्र..अ. प्रति शिक्षकहरु कतिको उत्तरदायी हुने गर्दछन् ?

११. शिक्षकहरुले विद्यार्थीसँग कस्तो व्यवहार देखाउँदछन् ?

१२. तपाईको विद्यालका शिक्षकहरुले बालमनोवैज्ञानिक ढङ्गबाट शिक्षण गर्दछन् ?

१३. शिक्षकहरुले शिक्षण गर्दा विषयवस्तुको ज्ञान कस्तो पाउनु भएको छ ?

## अनुसूची ९

## शिक्षकका लागि तयार गरिएको प्रश्नावली

विद्यालयको नाम : मिति :

शिक्षकको नाम : पढाउने विषय :

शैक्षिक योग्यता : तालिम लिएको किसिम :

तालिम अवधि

१. तपाईले शिक्षण पेशामा लागेर काम गर्नु भएको कति समय भयो ?

२. शिक्षण पेशामा लाग्नुका कुनै त्यस्ता नौला कारण छन् या तपाईले शिक्षण पेशा रोज्नुका कारण केही छन् भने बताइदिनुस् न ?

३. तपाईले कुन विषय शिक्षण गर्नुहुन्छ ?

४. तपाईले शिक्षण गर्ने विषय तपाईको योग्तासँग सम्बन्धित छ ?

५. तपाई कक्षा शिक्षण गर्दा कषाकोठाको व्यवस्थापन कसरी गर्नु हुन्छ ?

६. शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग गर्ने गर्नु भएको छ ?

७. शैक्षिक सामग्री कसरी उपलब्ध गराउनु हुन्छ ?

८. बालमनोविज्ञानलाई कतिको ख्याल दिने गर्नु भएको छ ?

९. बालमैत्री कक्षा शिक्षणको वातावरण सृजना गर्न कस्तो प्रक्रिया अपनाउनु हुन्छ ?

१०. विभिन्न जाति, धर्म, लिङ्गका विद्यार्थीहरुको शिक्षणमा उच्च सहभागिता गराउन के कस्ता प्रयासहरु गर्ने गर्नु भएको छ ?

११.तपाईको पढाई प्रति विद्यार्थी कतिको सन्तुष्ट छन् ?

१२. विद्यार्थी, अभिभावक, शिक्षक स्टाफ तथा अन्य सरोकारवालाहरुसँग शान्तिका लागि वार्ता गर्न कतिको रुचि लाग्छ ?

१३. यदि कुनै लिजर समयमा त्यस्तो गर्नु भएको छ भने त्यसबारेमा संक्षेपमा बताइदिनु भई सहयोग गर्नुहुन्छ कि ?

१४. शिक्षणमा तपाई कस्तो विधिको प्रयोग गर्नुहुन्छ ?

क) विद्यार्थी केन्द्रित ख) शिक्षक केन्द्रित

१५. विषयवस्तुको प्रकृति एवं विद्यार्थीको चाहना बमोजिमका शैक्षिक सामग्री निर्माण एवं प्रयोग गर्नभएको छ ?

१६. तालिमबाट प्राप्त ज्ञान, सीपलाई कक्षाकोठाको वातावरणमा कतिको प्रयोग गर्ने गर्नुभएको छ ?

१७. विद्यालय परिवारले तपाईलाई आफूले आर्जन गरेको सीप उपयोग गर्न कतिको सहयोग एवं हौसला प्रदान गरेको छ ?

## अनुसूची १०

## स्रोत व्यक्तिका लागि अन्तर्वार्ता निर्देशिका

स्रोत व्यक्तिको नाम : मिति :

स्रोत केन्द्रको नाम : सेवा अवधि :

शैक्षिक योग्यता : अनुभव

१. तपाई पूर्ण रुपमा स्रोत व्यक्ति भई काम गर्नु भएको कति भयो ?

२. तपाई स्रोतकेन्द्रका विद्यालयमा महिनाको कति पटक अनुगमन गर्नु हुन्छ ?

३. प्राथमिक तहका शिक्षकहरुमा कतिको नियमितता पाउनु भएको छ ?

४. कक्षा शिक्षण अवलोकन गर्दा शिक्षकमा विषयवस्तुको ज्ञान कस्तो पाउनु भएको छ ?

५. शिक्षकहरुले प्रयोग गर्ने शिक्षण विधि, शैक्षिक सामग्री, पाठ्यवस्तु अनुसार प्रयोग गरेको पाउनु भएको छ या छैन ?

६. विद्यार्थीहरुको रुचि, क्षमता, स्तर अनुसार शिक्षण गर्छन् वा अन्य ?

७. शिक्षकहरुले तालिम लिएका कुराहरुलाई कक्षा शिक्षणमा कस्तो रुपमा उपयोग गरेको पाउनु भएको छ? यदि उपयोग गरे वा नगरेको भए त्यसलाई तपाई कसरी विश्लेषण गर्नु हुन्छ ?

८. हाल सञ्चालन अवस्थामा रहेको TPD तालिम सञ्चालन गर्दा कस्ता समस्याहरु बढी आउँछन् ?

९. शिक्षकहरुको पेशागत दक्षता विकास गर्नका लागि के कस्ता कार्यहरु गर्नुपर्ला ?

१०. TPD तालिममा प्राप्त सीप, ज्ञानको प्रयोग कक्षाकोठामा रहेको पाउनु भएको छ ?

११. TPD तालिमले शिक्षकहरुमा के कस्तो प्रभाव पारेको पाउनु भएको छ ?

१२. प्रा.वि. तहका शिक्षकहरुमा तपाईले पाउनु भएको मुख्य समस्याहरु के के छन् ?

# अनुसूची ११

## अभिभावकका लागि तयार गरिएको अन्तर्वार्ता प्रश्नावली

अभिभावकको नाम : मिति :

ठेगाना : योग्यता

पेशा :

परिवार संख्या

१. तपाईले कति कक्षासम्म अध्ययन गर्नु भएको छ ?

२. कति वर्षको उमेरमा बालबालिकाहरुलाई विद्यालय पढाउनु भयो ?

३. विद्यालय जाँदा र घरबस्दा उनीहरुको व्यवहारमा के फरगक पाउनु भएको छ ?

४. बच्चाले घर परिवारमा कस्तो व्यवहार देखाउँछन् ?

५. तपाईको बच्चा पढ्ने विद्यालयका शिक्षकहरु कतिको दक्ष रहेको पाउनु भएको छ ?

६. ज्ञान, सीप, प्रवृत्ति कस्तो पाउनु भएको छ ?

७. प्राथमिक तहमा पढाइ हुने विषयवस्तुको ज्ञान विद्यार्थीहरुले के कति हासिल गरेको पाउनु भएको छ ?

८. तपाईको विद्यार्थीलाई शिक्षकले कुनै मानसिक, शारिरीक यातना दिएका छन् ? छन् भने कस्तो ?

९. विद्यार्थीको मनोवलमा बृद्धि गर्ने गरी शिक्षकबाट कुनै व्यवहार भएको पाउनु भएको छ ?

१०. तपाईले कहिलेकाहीँ विद्यालय जाने गर्नुभएको छ ?

११. विद्यालय जाँदा शिक्षण सम्बन्धी विषयमा छलफल गर्ने गर्नु भएको छ ?

१२. तपाईको समुदायका अभिभावकहरुमा विद्यालयप्रति अपनत्वको भावना कस्तो रहेको पाउनु भएको छ ?

१३. तपाइले प्रा.वि. तहमा अध्यापन गर्ने शिक्षकहरुमा पाउनु भएको मुख्य कमजोरी के के हुन् ?

## अनुसूची १२

## विद्यार्थीका लागि अन्तर्वार्ता प्रश्नावली

विद्यालयको नाम : मिति :

विद्यार्थीको नाम : कक्षा

उमेर ठेगाना

लिङ्ग

१. तिम्रो नाम के हो ?

२. विद्यालय जान तिमीलाई कतिको मन लाग्छ ?

३. तिमी नियमित विद्यालय जान्छौ कि जाँदैनौ ?

४. विद्यालयमा कस्तो अनुभव हुन्छ ?

५. शिक्षकहरुले कसरी शिक्षण गर्नुहुन्छ ?

६. सामग्री, खेलौना, गीतको माध्यम अपनाउनु हुन्छ कि हुँदैन ?

७. शिक्षण गर्दा दण्डको प्रयोग गर्नुहुन्छ कि हुँदैन ?

८. शिक्षकहरु नियमित रुपमा विद्यालय आई शिक्षण गर्नुहुन्छ ?

९. तिमीलाई मन पर्ने शिक्षकको नाम के हो र किन उहाँ मन पर्छ ?

१०. तिम्रो विद्यालयमा कहिलेकाहीँ अतिरिक्त क्रियाकलाप आयोजना गर्ने गरिएको छ ?

११. के तिमी पनि त्यस्ता क्रियाकलापमा भाग लिन्छौ ? लिन्छौ भने केमा ? जस्तै ..................

१२. शिक्षकहरुले शिक्षण गर्दा तिमीहरु प्रति कस्तो व्यवहार गर्नुहुन्छ ?

१३. शिक्षण क्रियाकलापमा विद्यार्थी सहभागिता उच्च गराउन शिक्षकले के कस्ता कार्यहरु गर्ने गर्नु भएको छ ?